महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

आर्थिक वर्ष - २०८१/८२

नासौँ गाउँपालिका, मनाङ

८०४४०५०३३००

मनाङ

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

गण्डकी प्रदेश लेखापरीक्षण निर्देशनालय

काठमाडौं

प.सं.:२०८२/८३ मिति : २०८२-७-३

च.न :

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,

नासोँ गाउँपालिका, मनाङ ,

मनाङ

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को एकीकृत वित्तीय विवरण तथा सोसँग सम्बन्धित अनुसूची, टिप्पणीहरू तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८२/०६/०२ मा छलफल पश्चात् तयार गरिएको पाना ४४ को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ। कार्यालयबाट पेस भएको वित्तीय विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम वित्तीय विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित बेहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ (१) बमोजिम ३५ दिनभित्र फस्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फस्यौंट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारबाहीका लागि लेखाउत्तदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने बेहोरा निर्देशानुसार अनुरोध गर्दछु।

विष्णु राज रिजाल

निर्देशक

बोधार्थ तथा कार्यार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन

मन्त्रालय, सिंहदरबार, काठमाडौं ।,

info@mofaga.gov.np

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, मनाङ

।, manang.dtco@fcgo.gov.np

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :-नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन अनुसार स्थानीय नेतृत्व विकास र स्रोत साधनको उच्चतम परिचालन मार्फत स्थानीय शासन पद्धतीलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यास संस्थागत गर्न यस गाउँपालिकाको स्थापना भएको हो।स्थानीय सरकारले गर्ने कार्यहरुमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु उद्देश्य रहेको छ।यस पालिका अन्तर्गत ९ वडा, ३९ सभा सदस्य, ७०९.५८ वर्ग किलोमिटर क्षेत्रफल र १६७१ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।५।११ देखि २०८२ ।५।१५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको विनियोजनतर्फ रु. ३२४७१३२४०।१६ राजस्वतर्फ रु. ७८५४१७६।५४ ,धरौटीतर्फ रु. ७६६८४८६।२६ अन्य कारोबारतर्फ रु. १७८५७७१०।८४ ,आय – व्ययतर्फ रु. सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. ३५८०९३६१३।८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४४२७७८ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	श्री क्याराभान कन्स्ट्रक्सन प्रा लिबाट असुल भएको	३६८०
२	आलेपमा उल्लेखित नक्तो डाडा देखि क्लेउ घोरेटो बाटो निर्माण उ.स. बरुजु असुल ।	२७४७६
३	ग्यालसाम्दो निर्माण सेवा प्रा लिबाट असुली	३३१८००
४	आलेपमा उल्लेखित बगरछाप गुम्बा मर्मत तथा पूर्वाधार निर्माण उ.स. बरुजु असुल ।	१२०००
५	आलेपमा उल्लेखित सात कन्या कन्ट्रक्सन एण्ड सप्लार्यस प्रा लि को. बरुजु असुल ।	१४०२२
६	अन्द्रे गुरुङको आखे कुट्टु कन्ट्रक्सन एण्ड ईक्युपमेन्ट प्रा ली बाट असुल भएको	३५३००
७	सुल बहादुर गुरुङको एम्बुलेन्स प्रयोगको राजस्व असुली	८०००
८	मिन बहादुर गुरुङको एम्बुलेन्स प्रयोगको राजस्व असुली	८०००
9	गणेश कठायतको दोहोरो भत्ता वापतको रकम असुल	२५००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आय व्यय**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८१।०८२ को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) निम्न बमोजिम रहेको छ ।

नासों गाँउपालिका					
आर्थिक वर्ष २०८१।८२					
एकिकृत आर्थिक विवरण					
प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		९३९७४८७७	चालु खर्च		१५१५६३२४९
१.संचित कोष	७१०७०५३४		१. पालिका तर्फ	६९९५०६९५	
२.धरौटी	६२९९७५२		२. संघीय सशर्त	८१६१२५५४	
३.कार्यसञ्चालन कोष	१०९९३३८२		३. संघीय विशेष		
४. अन्य कोष	५६११२०९		४. प्रदेश सशर्त		
यस वर्षको आय			५. प्रदेश विशेष		
१.आन्तरिक आय	७८५४१७६	७८५४१७६	पुँजीगत खर्च		६६६४५५०३
२. वित्तीय हस्तान्तरण (संघ)		२२१५८६६०४	१. पालिका तर्फ	४९०४६५२९	
क) समानीकरण अनुदान	६३४९७९२०		२. संघीय सशर्त	९९४६१२९	
ख) राजस्व बाँडफाँट	४३६१९२६३		३. संघीय विशेष	२६७६०६१	
ग) सशर्त अनुदान	१११७९३३६०		४. संघीय समपुरक		
घ) समपुरक अनुदान			५. प्रदेश सशर्त		
ङ) विशेष अनुदान	२६७६०६१		६. प्रदेश विशेष		
च) रोयल्टी			७. प्रदेश समपुरक	४९७६७८३	
छ) अन्य			अन्तर सरकारी अख्तियारी (संघ)		
३. वित्तीय हस्तान्तरण (प्रदेश)		१५४५१५११	क) सामाजिक सुरक्षा	१२५९०८२९	१२५९०८२९
क) समानीकरण अनुदान	४९४२०००		ख) गरिबसँग विशेश्वर कार्यक्रम		
ख) राजस्व बाँडफाँट	५५०९५११				
ग) सशर्त अनुदान			अन्तर सरकारी अख्तियारी (प्रदेश)		
घ) समपुरक अनुदान	५००००००		ऋण फिर्ता(साँवा)		
ङ) विशेष अनुदान			ऋणको ब्याज भुक्तानी		
च) रोयल्टी			धरौटी फिर्ता तथा सदर स्याहा	१३८७४५७	१३८७४५७
छ) अन्य			कार्यसञ्चालन कोषबाट भएको खर्च	५००१८५	५००१८५
४. अन्तर सरकारी अख्तियारी (संघ)		१२५९०८२९	अन्य कोषबाट भएको खर्च	७२४२००	७२४२००
क) सामाजिक सुरक्षा	१२५९०८२९		गैरसरकारी संस्थाबाट सञ्चालित		

			योजना		
ख) गरिबसँग विशेश्वर कार्यक्रम			अन्य सहयोगमा सञ्चालित योजना		
…………..			अन्य खर्च भएमा		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			अनुदान फिर्ता		२०२५७८९४
६. ऋण/ वित्तीय व्यवस्था			१. संघ तर्फ		
७. धरौटी आय	१३६८७३४	१३६८७३४	क) सशर्त अनुदान	२०२३४६७७	
८. कार्यसञ्चालन कोष आय	२४६७५८५	२४६७५८५	ख) विशेष अनुदान		
९. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१३५०००	१३५०००	ग) समपुरक अनुदान		
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			२. प्रदेश तर्फ		
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			क) सशर्त अनुदान		
१२. अन्य आय भएमा	५०००००	५०००००	ख) विशेष अनुदान		
१३ विभाज्य कोष	२१६४२९७	२१६४२९७	ग) समपुरक अनुदान	२३२१७	
१४ कर्मचारी कल्याण कोष			अन्तिम मौज्दात		१०४४२४२९७
			१. संचित कोषको मौज्दात	७९६६०४७७	
			२. धरौटी	६२८१०२९	
			३. कार्यसञ्चालनकोष	१०७६९१८२	
			४. अन्यकोष	७०२७७११	
			५. विविध खर्च खाताको मौज्दात	५५०८९८	
			६ कर्मचारी कल्याण कोष		
			७ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१३५०००	
जम्मा	३५८०९३६१४	३५८०९३६१४	जम्मा	३५८०९३६१४	३५८०९३६१४

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

सैद्धान्तिक बेरुजु

३ वित्तीय बिवरणमा समावेश नभएको कारोवार

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा (सुत्र म.ले.प.फा.नं.२७०) सामाजिकसुरक्षा तथा संरक्षण समावेश नभएको खर्च निम्न बमोजिम छ ।

सिनं	खर्चशिर्षक	बजेट	निकासाखर्च
१	सामाजिकसुरक्षा तथा संरक्षण	१२५९०८२९	१२५९०८२९
२	स्वास्थ्य क्षेत्रसुधार कार्यक्रम खातामा	१३५०००	१३५०००
	जम्मा	१२७२५८२९	१२७२५८२९

सैद्धान्तिक बेरुजु

४ **बजेट तथा कार्यक्रम**

४.१ **बजेट तथा पूँजीगत खर्चः** यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ:

सि नं	आर्थिक वर्ष	बजेट	पूँजीगत खर्च	पूँजीगतखर्चको प्रतिशत
१	२०८१।८२	११,९४,१०,७४४.६७	६,६६,४५,५०२.९७	५५.८१

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु.११,९४,१०,७४४.६७ विनियोजन गरेकोमा रु. ६,६६,४५,५०२.९७ खर्च गरेको छ जुन५५.८१ प्रतिशत मात्र हुन आउँछ । पूँजीगत खर्च क्षमतामा वृद्धी हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.२ **बजेट तथा चालु खर्च** - यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को बजेट र चालु खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

सि नं	आर्थिक वर्ष	बजेट	चालु खर्च	चालु खर्चको प्रतिशत
१	२०८१।८२	२०,६९,९९,८२८.९८	१५,१५,६३,२४८.९५	७३.२२

पालिकाले यस वर्ष चालु तर्फ रु२०,६९,९९,८२८.९८ विनियोजन गरेकोमा रु. १५,१५,६३,२४८.९५ खर्च गरेको छ जुन ७३.२२ प्रतिशत हुन आउँछ ।बजेट खर्चमा विनियोजन दक्षता कायम गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५ **बजेट विनियोजन**

आर्थिक वर्ष २०८१/०८२ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ:

कुलबजेट	चालुबजेट रु.	प्रतिशत	पूँजीगतबजेट रु.	प्रतिशत
३२६४१०५७३.६५	२०६९९९८२८.९८	६३.४२	११९४१०७४४.६७	३६.५८

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु ३२६४१०५७३.६५ बजेट विनियोजन भएकोमा चालु तर्फ रु २०६९९९८२८.९८ अर्थात ६३.४२ प्रतिशत र पूँजीगत तर्फ रु ११९४१०७४४.६७अर्थात ३६.५८ प्रतिशत बजेट विनियोजन भएको छ ।

सैद्धान्तिक बेरुजु

६ **मौज्दात रकम**

पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु.११ करोड ८९ लाख ९७ हजार खर्च गरेको छ भने पालिकाको बैंक खातामा रु. ७ करोड ९६ लाख ६० हजार मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सर्दै गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न उक्त रकम विकास निर्माणमा लगानी गरी प्रतिफल लिने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **कुल आम्दानी खर्चमा आन्तरिक आयको हिस्सा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमानिर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्नसक्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८०,२०८०।८१ र २०८१।८२मा गरेको खर्च आम्दानीको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिमछ ।

सि.नं	आर्थिक वर्ष	आन्तरिक आय	पालिकाको जम्मा खर्च आम्दानी	आन्तरिक आय प्रतिशत
१	२०८१।८२	१००१८४७३.४६	२१८२०८७५१.९१	४.५९
२	२०८०।८१	८६३५७५०.८०	२३,१५,६०,३८४.३३	३.७२
३	२०७९।८०	५५१७०३०.३	२३,६७,४०,४१४.६६	२.३३

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा जम्मा भएको खर्च आम्दानीको तुलनामा आन्तरिक आयको हिस्साको तुलनात्मक अध्ययन गर्दा आन्तरिक आयको प्रतिशत न्युन रहेको र आय प्रतिशतमा वृद्धि भएको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८ **आन्तरिक नियन्त्रण प्रणालीः-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्रीको मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा हाल सम्म गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिअन्तर्गत सुत्रको प्रयोग गरी वडा कार्यालयबाट र पालिकाबाट संकलन हुने सबै राजस्व सुत्र मार्फत कारोबार गरि बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न सम्झौता गरेका उपभोक्ता समिति पालिकामा दर्ता गरेको पाइएन ।

• पालिकाले २०८१।८२ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाबाट सञ्चालित कार्यक्रमहरु अनुउत्पादक क्षेत्र र वितरणमुखि हुने गरेको साथै कार्यक्रमको लागत विश्लेषण नगरि खर्च गर्ने पद्धति रहेको ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको आयोजना बैंक खडा गरेको देखिएन ।

• पालिकामा दिगो बिकास लक्ष्य (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई स्थनीयकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता हालसम्म पनि अध्यावधिक गरेको पाईएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता हालसम्म पनि अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा कार्यान्विन भएको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य
गर्नु गराउनुपर्नेमा अधिकांश पालना भएको पाईएन।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९ **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

९.१

बजेट सिमा निर्धारण समिति:- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको भएतापनि ऐनको व्यवस्था अनुसार गरेको देखिएन। ऐनमा व्यवस्था भए अनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

९.२ **बजेट तथा कार्यक्रम तर्जुमा:**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

९.३ **क्षेत्रगत बजेट र खर्च:**- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

मुख्य क्षेत्र	**वार्षिक वजेट**	**खर्च रकम**	**कुल खर्च मध्ये प्रतिशत**
आर्थिक विकास	१,५५,०१,०००।००	३६,४८,५७७।००	१।६७
पूर्वाधार विकास क्षेत्र	९,१०,१९,४८७।००	५,१३,८२,९३७।७०	२३।५५
सामाजिक क्षेत्र	९,६८,२५,९३३।००	८,४४,७२,८२०।०५	३८।७१
संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१,०३,०१,५८०।००	९०,१४,७८१।००	४।१३
अन्य कार्य सञ्चालन तथा प्रशासनिक खर्च	११,२७,६२,५७३।६५	६,९६,८९,६३६।१७	३१।९४
जम्मा	३२,६४,१०,५७३।६५	२१,८२,०८,७५१।९२	१००।००

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक क्षेत्र ३८।७१ प्रतिशत र सबै भन्दा घटी आर्थिक विकास १।६७ प्रतिशत खर्च भएको छ। मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यान्वियन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९.४ **योजना र कार्यान्वयनः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट

गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेट छुट्याएको अवस्था छ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

क्र.सं.	विवरण	योजनासंख्या
१	रु १लाखभन्दा कमको योजना	७
२	रु एक लाखदेखि पाँच लाख सम्मका योजना	२८
३	रु ५लाखदेखि १० लाख सम्मका योजना	१५
४	दश लाखदेखि ५० लाख सम्मका योजना	५
५	५० लाखबढीका योजना	३
	जम्मा	५८

साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

९.५ **मध्यकालीन खर्च संरचनाः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले उक्त बमोजिम खर्चको मध्यकालीन खर्चको संरचना तयार नगरेकोले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा मध्यकालीन खर्च संरचना समेत तयार गर्नुपर्दछ। (क) प्रस्तावित योजनाको उद्देश्य, (ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुटयाउन आवश्यकताको पुष्ट्याई, (ग) प्रस्तावित योजना कार्यन्वयन हुनसक्ने आर्थिक वर्ष र त्यस पछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, (घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, (ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण, (च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्च को रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता, (छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुटयाइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण ।

सैद्धान्तिक बेरुजु

९.६ **आवधिक योजनाः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले एक पटक आवधिक योजना तयार गरेको भएतापनि अध्यावधिक रुपमा आवधिक योजना तयार गरि कार्यान्वयन गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१० **कानून निर्माण एवं कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ४ वटा ऐन, ४ वटा नियमावली, ८ वटा कार्यविधि, २ वटा मापदण्ड र आचारसंहिता १ लगायत कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। बनेका कानूनको प्रभावकारी कार्यान्वयनमा ध्यान दिई सेवा प्रवाहमा सुधार गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११ **सेवा प्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष देहाय अनुसारको सेवा प्रवाह गरेको छ । पालिकाले सम्वन्ध विच्छेद, बसाईसराई, पञ्जीकरण दर्ता तथा सिफारिस पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको भएतापनी स्थानीय तथ्यांक सम्वन्धी नीति कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

क्र.स	सेवाको विवरण	संख्या
१	जन्म दर्ता	१६१
२	नाता प्रमाणित	४०
३	घर बाटो सिफारिस	९
४	नागरिकता शिफारिस	५१
५	मृत्यु दर्ता	९५
६	विवाह दर्ता	८९
७	बसाइसराँई	५३
८	सम्बन्ध विच्छेद	१३

सैद्धान्तिक बेरुजु

१२ **न्यायिक समिति:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष कुनै मुद्दा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष पनि कुनै मुद्दा दर्ता नभएको पालिकाको विवरणमा उल्लेख छ।न्याय सम्पादन सम्बन्धि अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **संगठन तथा कर्मचारी व्यवस्थापन;-**

१३.१ **प्रशासकिय संगठन र कर्मचारी व्यवस्थापनः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित पालिकाको कुल ३९ कर्मचारी दरबन्दी रहेकोमा २०८२।०३।३१ सम्म २७ जना दरबन्दी स्थायी पदपूर्ति भई १२ पद रिक्त रहेको छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३.२ **तलबी प्रतिवेदन:-** स्थानीय सेवा (गठन तथा संचालन) नियमावली, २०८० को नियम ७४ को उपनियम ४ मा कास्की जिल्ला भित्रका कार्यालयको हकमा प्रदेश किताबखानाबाट र अन्य जिल्लाका हकमा प्रदेश लेखा इकाइबाट तलबी प्रतिवेदन पारित गराउनु पर्नेछ। तर प्रदेश किताबखानास्थापना नहुदाँसम्म प्रदेश लेखानियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराउनुपर्ने व्यवस्था छ । पालिकाले

आ.व. २०८१/२०८२ को तलबी प्रतिवेदन पारित नगरी रु.२९०१४९८७.६८ तलब भूक्तानि गरेको पाइयो।पालिकाले तलबी प्रतिवेदन पारित गरेरमात्र तलब भूक्तानि गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३.३ **करार सेवामा कर्मचारी व्यवस्थापन:-** स्थानीय सरकार संचलान ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चलाक, सयस, कार्यालय सहयोगी, बगैचे, प्लम्बर, ईलेक्ट्रोनिक्स, चौकीदार, माली र सरसफाई सम्बन्धी लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्ति गर्न पाइने छैन ।साथै गण्डकी प्रदेश स्थानीय सेवा ऐन, २०७९ को दफा १५ को उपदफा (१) र (२) मा स्थानीय सेवाको कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन। त्यसरी कुनै व्यक्तिलाई नियुक्ति गरेमा नियुक्ति गर्ने अधिकारीबाट तलब, भत्ता र अन्य सुविधाबापतको रकम सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ। पालिकाले अनमी, वैद्य, सामाजिक परिचालक लगायतका विभिन्न पदमा कर्मचारी नियुक्ति गरी तलब भत्ता बापत रु. ६२,१७,०७६ भुक्तानि गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्ति गरी भुक्तानी गर्ने कार्य नियन्त्रण गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३.४ **कल्याण कोष खर्च**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर गण्डकी प्रदेश सरकारद्धारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० को दफा ८९ मा कार्यालयको स्वीकृत दरबन्दी अनुसारको कम्तीमा एक महिना बराबरको रकम जम्मा गर्ने व्यवस्था गरेको छ । उक्त कोषको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ भनेकोमा कुनै व्यवस्था गरेको छैन। स्पष्ट व्यवस्था नभइ पालिकाले यस वर्ष रु १५००००० ।०० बजेट व्यवस्था गरि खर्च लेखेको छ । कोषको सञ्चालन सम्बन्धी कानुनको व्यवस्था गरी कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ सम्पत्ति उपयोग र संरक्षण

१४.१ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण:-** स्थानीय सरकार सञ्चाधल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ: स्थानीय सरकार सञ्चागलन ऐन, २०७४ को दफा ९७, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । उपर्युक्त कानुनी व्यवस्था बाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण बेचविखन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखित प्रकृया बेगरको निर्णय कार्यान्वयन नगर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु र अभिलेख राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१४.२ **घरजग्गाको लगत:-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ बमोजिम प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घर जग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घर जग्गाको लगत महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्दछ । त्यस्तो घर जग्गा आफ्नो नाममा वा जिल्ला प्रशासन कार्यालय वा अन्य कुनै कार्यालयको नाममा मालपोत कार्यालयमा दर्ता भई जग्गाधनी प्रमाण पूर्जा प्राप्त भएको छ वा छैन बुझ्नु पर्नेछ र त्यसरी बुझ्दा दर्ता र जग्गाधनी प्रमाण पूर्जा तयार नभए

कानून बमोजिम कार्यालयको नाममा दर्ता गराउनु पर्ने व्यवस्था छ । कार्यालयले सो सम्वन्धि विवरण समेत उपलव्ध नगराएकोले विष्लेषण गर्न सकिएन ।कार्यालयले गाउँपालिकाको नाममा रहेको तथा प्राप्त सवै जग्गाको जग्गाधनी पूर्जा बनाउनु पर्दछ भने गाउँपालिकाको संरक्षक रहेका नेपाल सरकारको जग्गाको व्यवस्थित अभिलेख राखी व्यक्तिको नाममा नामसारी तथा अतिक्रमण हुनु नदिने तर्फ गाउँपालिका जिम्मेवार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१४.३ **सम्पत्ति लेखांकनः** गाउँपलिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, कार्यालय समाग्री, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । विगतका सरकारी कार्यालय साविक गाउँपालिकामा समायोजन भै आएका भौतिक सम्पत्तिहरु गाउँपालिकाको एकिकृत जिन्सी खातामा अभिलेख राखेको छैन जसले गर्दा गाउँपालिकाको यथार्थ सम्पत्तीको अवस्था मुल्याङ्कन गर्न सकिएन। कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरुजु

१५ **कार्यालय सञ्चालन खर्चः-**

१५.१ **आन्तरिक आय र प्रशासनिक खर्चको अनुपातः-** स्थानीय संचितकोष व्यवस्थापन प्रणालीको आय व्यायको विवरण अनुसार यो वर्ष गाउँपालिकाको कूल आन्तरिक आय रु. ७८,५४,१७६।४६ देखिन्छ भने प्रशासनिक (चालु) खर्च रु.१५,१५,६३,२४८।९५ रहेको छ। यसरी आन्तरिक आय र प्रशासनिक (चालु) खर्च वीचको अनुपात अर्थात प्रशाशनिक खर्च आन्तरिक आयको तुलनामा १९।२९ गुना वढी रहेको छ । साथै गाउँपालिकाको यो वर्षको कुल प्रशासनिक खर्च रु ६,९६,८९,६३६।१७ रहेकोले उक्त खर्च आन्तरिक आयको ८।८७ गुणा बढी रहेको छ । नेपालको संविधान २०७२ ले स्थानीय निकायलाई आर्थिक रुपले समेत पूर्ण आत्मनिर्भर हुने अभिप्रायवाट आर्थिक अधिकार समेत उपलव्ध गराइ स्थानीय सरकारको रुपमा स्वायत्ता प्रदान गरेको छ। सोही वमोजिम गाउँपालिकाले संविधान तथा कानून अनुसार हस्तान्तरण भएको कार्यजिम्मेवारी र जवाफदेहितालाई कुशलता पूर्वक निर्वाह गर्न आन्तरिक स्रोत साधनको परिचालनमा ध्यान दिनु पर्दछ। यसको लागि कानून बमोजिम अधिकार प्राप्त क्षेत्र र विषयका करको आधारको खोजी गर्दे सेवाको आधुनिकीकरण तथा नयाँ सेवाको विस्तारबाट सेवा शूल्क आर्जनमा विशेष जोड दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५.२ **खर्च बिश्लेषणः-** पालिकाले यस बर्ष आफ्नो आम्दानीमा आन्तरिक आयबाट रु ७८,५४,१७६।४६ राजस्व बाँडफाँडबाट रु ५,१२,९३,०७१।६३ र अनुदानबाट १८,७९,०९,३४१।०० समेत गरी कुल जम्मा रु २४,७०,५६,५८९।०९ आम्दानी भएकोमा चालु तर्फ रु. १५,१५,६३,२४८।९५ र पूँजिगत तर्फ रु. ६,६६,४५,५०२।९७ गरी रु. २१,८२,०८,७५१।९२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३।५९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ९४,०१,७४०।०० खर्च भएको छ जुन आन्तरिक आयको १।१९७ गुणा बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१।३४ प्रतिशत चालु र २६।९७ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५.३ **खरिद योजना तथा इकाईः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढि रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र बार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष बार्षिक खरिद योजना तयार

गरेको छैन । बर्षभरी कुन कुन सामान कति परिमाणमा आवश्यक पर्ने, कति सामान कहिले खरीद गर्ने र त्यसको उपयुक्त खरीद प्रकृया विधि के हुने जस्ता खरिद व्यवस्थापनका महत्वपूर्ण पक्षहरु सहितको योजना कार्यान्वियन नहुदा आवश्यकता बमोजिम खरीद गर्दै गएको एवं सार्वजनिक खरीद ऐन र नियमावलीको विपरित तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा विधी विपरित हुन गएको, खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी खरिद इकाई गठन गरेको भएता पनि सो एकाईलाई प्रमावकारी रुपमा कार्यान्वियनमा ल्याएको पाईएन । खरिद इकाई प्रमावकारी नहुँदा सोझै खरिद जस्ता विभिन्न खरिद कार्यको कमि कमजोरी हटाउने तथा मालसामान, खरिद तथा निर्माण कार्य, परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सोसम्वन्धी जिम्मेवारी बहन गराउन कठिन हुन्छ। तसर्थ व्यवस्थित खरिद कार्यको लागि खरिद इकाईलाई प्रभावकारी वनाउन कार्यालयले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१५.४ **मर्मत सम्भार:-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ मा सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नुपर्ने भए लागत अनुमान स्विकृत गराई मालसामानको आफ्नै वर्कसप र मर्मत केन्द्र भए सार्वजनिक निकायले त्यस्तो मालसामानको मर्मत त्यस्तो बर्कसप वा सवारी साधन तथा मेशिनरी औजारको आधिकारीक बिक्रेताको मर्मत केन्द्रवाट गराउनुपर्ने ब्यबस्था छ । यस बर्ष पालिकाले सवारी साधन मर्मत खर्च रु १२,९७,८९६।५० र मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च रु.३२,५००।०० गरी जम्मा मर्मत सम्भार शिर्षकमा रु.१३,३०,३९६।५० खर्च लेखेको छ । यस्तो खर्चमा नियमावलीको प्रकृया वमोजिम लागत अनुमान स्विकृत गरी सवारी साधन तथा मेशिनरी औजारको आधिकारीक बिक्रेताको बर्कसप वा मर्मत केन्द्रवाट मर्मत गरी खर्चमा मितव्ययीता र नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५.५ **सिधै खरिद:-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै खरिद नियमावली २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज , खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाइ कर्मचारीहरुले पटक पटक बजार बाट रु ३०,००,०००।०० बजेट विनियोजन भएको मध्ये रु १६,५३,७९७।५० खरिद गरेको छ । आवश्यकता पहिचान गरी ऐनको ब्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कर्मचारी कल्याण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु १५००००० ट्रान्सफर गरेको छ ।पालिकाको यस आर्थिक बर्षसम्म कर्मचारी कल्याण कोष खातामा जम्मा भएको रकम रु ७०२७७१७रहेको छ, तर उक्त कोषको सञ्चालन सम्बन्धमा पालिकाबाट आवश्यक कानूनी व्यवस्था भएको छैन। अत: पालिकाले कानून बनाएर उक्त कोषको उचित व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ तलवी प्रतिवेदन

स्थानीय सेवा (गठन तथा संचालन) नियमावली २०८० को नियम ७४ को उपनियम ४ मा कास्की जिल्ला भित्रका कार्यालयको हकमा प्रदेश किताबखानाबाट र अन्यको हकमा प्रदेश इकाइबाट तलबी प्रतिवेदन पारित गराउनु पर्नेछ । तर प्रदेश किताबखाना स्थापना नहुदाँ सम्म प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराउनुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ तथा आर्युवेद तर्फका १७ जना कर्मचारीको रु. ११८३७२४२।२ र पालिकाका २५ कर्मचारीको रु १६८०३६४४।१२ समेत रु. २८६४०८८६।३२ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **गरिब संग बिश्वेश्वर कार्यक्रम** (२१२ /2082-03-23):

गरिब संग विश्वेश्वर कार्यक्रम कार्यान्वियन निर्देशिका २०६६ को थप प्रभावकारिताको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या २०८१।८२ मिति २०८१।०४।१० चलानी नं ६को पत्रानुसार यस कार्यक्रमबाट प्राप्त सशर्त पूँजीगत अनुदानको रकम बाँडफाँड गर्दा सम्बन्धित वडा कार्यालयको सिफारिसमा लक्षित परिवार (विपन्न परिवार) बाट गठन भएका समूह/संस्थाको माग बमोजिम स-साना ग्रामीण पूर्वाधार विकास कार्यक्रम (जस्तै खानेपानी, सिँचाई, कुलो, कुवा/इनार मर्मत, बाटोघाटो, शुलभ शौचालय तथा उत्पादनमुखी र आय आर्जन हुने खालका कार्यक्रम) कार्यान्वयन गर्ने, यसरी कार्यक्रम छनौट गरी कार्यान्वयन गर्दा यस कार्यक्रमबाट पहिचान गरी समूह संस्थामा आवद्ध भएका लक्षित परिवारहरू र नेपाल सरकारले पहिचान गरी गरिबी घरपरिवार परिचयपत्र प्रदान गरेका घरपरिवारलाई लाभ पुग्ने गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने उल्लेख छ।पालिकाले गरिब संग विश्वेश्वर कार्यक्रममा गो भौ नं २१२ मिति २०८२।०३।२३ बाट रकम रु १७६५०६ खर्च गरेको छ।तर कार्यक्रमको मर्म विपरित पालिकाले गरिबसंग विशेश्वर कार्यक्रम ओडार सामुदायिक संस्था र धारापानी सामुदायिक संस्थालाई विभिन्न सामाग्रीहरु जस्तै 1.electronic thermos 10 litre 2*9500 =19000 , 2.pressure cooker 20 litre 2*11500 =23000, 3.Plastic table 8* 3500=28000, 4.Matress 2200*34=74800, हरु वितरणगरेको छ। पालिकाले वास्तविक गरिवहरुको पहिचान गरि उनिहरुको जिवनस्तर वृद्धिका कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा तथा लागु**

१९.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ ।पालिकाले विपद व्यवस्थापन सम्बन्धमा ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू पूरा गरेको देखिएन । जसले गर्दा पालिका भित्र कुनै पनि प्रकारका विपद आईपरेमा सो को नियन्त्रण हुन सक्ने अबस्था देखिंदैन । अत: पालिकाले ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार विपद व्यवस्थापन सम्बन्धमा भएका प्रावधानहरुको कार्यान्वियन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । पालिकाले ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **आ डि ए आई को सोधभर्नामा आधारित युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना**

मुलुकभित्र रोजगारीको अवसर सृजना गरी उपलव्ध अवसरमा लक्षित युवा वर्गको पहुँच अभिबृद्धि र रोजगार सेवा तथा सुविधाको विस्तारबाट श्रम बजारमा सुधार ल्याउने उद्देश्यका साथ विश्वबैंकको ऋण सहायता अन्तर्गतको युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालनका लागि रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को कार्यान्वयनको लागि स्वीकृत गरी मन्त्रालयले लागू गरेको छ । छनौट भएका लाभग्राहीलाई आयोजनाको आर्थिक सहयोगमा कामका लागि पारिश्रमिकमा आधारित न्युनतम रोजगारीमा १०० दिन अवधिको र ५० दिन अवधिको रोजगारमूलक सिप विकास गरी कूल १५० दिन आवधिको रोजगारी उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले कुल ५३ लाख ६० विनियोजन मध्ये दश आयोजना सञ्चालनको लागि रु ५३००४१६ बजेट खर्च भएको छ । कार्यक्रम बाट जम्मा ६६ जना युवा लाभान्वित भएको पाइन्छ ।पालिकाले यस कार्यक्रमको प्रभावकारिताको लागि आ.व. २०८१/०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वियन सम्बन्धी मार्गदर्शनमा भएको व्यवस्था बमोजिम प्रभावकारी कार्यान्वियन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **सवारी साधन खरिदः-**

२१.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ख) मा क्याटलग सपिङ्ग विधिवाट खरिद प्रक्रिया सम्वन्धी व्यवस्था रहेको छ । यस पालिकाले क्याटलग सपिङ्ग विधिवाट सवारी साधन रु ५९,९०,०००।०० को खरिद गरेको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

सवारी साधनको लागि वजेट विनियोजन : मिति २०८१।०३।०७ को गाउँ सभा बैठक वाट सवारी साधन खरिदका लागि रु ५२,००,०००।०० वजेट विनियोजन भएको छ । मिति २०८१।०९।१० को गाउँ सभा बैठकवाट गा.पा. सवारी साधन खरिद नपुग थप बजेट रु ८,००,०००।०० विनियोजन भएको छ । क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद सम्बन्धी सूचना मिति २०८१।०९। २९ गते अन्नपूर्ण राष्ट्रिय दैनिकमा १० दिनको समय दिई कोटेशन माग भएको छ । तीन वटा प्रस्तावदाताहरुले प्रस्ताव पेश गरेकोमा Rays Motors Pvt.Ltd, र Autoways Pvt. Ltd. को आर्थिक प्रस्ताव माग गरिएको छ । Rays Motors Pvt.Ltd ले (4 Wheel Double Cab Pickup, Isuzu Hi-Lander 2022) को मूल्य रु ५९,९०,०००।०० प्रस्ताव गरेको छ । Autoways Pvt. Ltd. ले (4 Wheel Double Cab Pickup, Toyota Hilux) को उपलब्ध गराउन सक्ने मूल्य रु १,२०,००,०००।०० प्रस्ताव गरेको देखियो । सवारी साधन खरिदका लागि सूचना मिति २०८१।०९।२९ गते प्रकाशन भएकोमा सवारी साधनकालागि नपुग थप वजेट रु ८,००,०००।०० मिति २०८१।०९।१० को गाउँ सभा बैठकवाट विनियोजन भएको छ । शुरु विनियोजन रु ५२,००,०००।०० मा नपुग थप वजेट रु ८,००,०००।०० सवारी साधन खरिदका लागि सूचना प्रकाश अघि नै निर्णय गरेकोले कति रकमको कुन गाडि खरिद गर्ने निश्चित गरी वजेट विनियोजन गरेको देखिन्छ । प्रतिस्पर्धा सिमीत हुनेगरी गरिएका यस्ता कार्यमाथि नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१.२ **खर्च मितव्ययीताः** सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी वनाउनेसम्वन्धी मापदण्ड, २०८१ को वुदाँ नं. १३(३) मा नेपाल सरकारको श्रोत वाट आवश्यकता र औचित्य हेरी अर्थ मन्त्रालयवाट सहमति प्राप्त भएकोमा वाहेक अन्य अवस्थामा चारपाङग्रे सवारी साधन खरिद नगर्ने र मौजुदा सवारी साधन मितव्ययी ढङ्गले मर्मत गरी उपयोग गर्नुपर्ने व्यवस्था छ । यस पालिकावाट यस बर्ष चारपाङ्ग्रे सवारी साधन (4 Wheel Double Cab Pickup, Isuzu Hi-Lander 2022) खरिद वापत Rays Motors Pvt.Ltd लाई रु ५९,९०,०००।०० भुक्तानी भएको छ । यस पालिकाको स्वामित्वमा वोलेरो जीप १ थान र टोयटाको ल्याण्ड क्रुजर (बा १ झ ७०५९) १ थान रहेकोमा यस पालिकाले गाउँपालिका पुँजिगत शिर्षकवाट यस बर्ष नयाँ सवारी साधन रु ५९,९०,०००।०० को खरिद गरेको छ । अनुत्पादक क्षेत्रको लगानी गर्ने कार्यमा नियन्त्रण गरी विकास निर्माण र उत्पादनशिल क्षेत्रमा लगानी गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१.३

लागत अनुमान: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनैपनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्वन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रही तयार गर्नुपर्ने व्यवस्था छ । पालिकावाट यस बर्ष रु ५९,९०,०००।०० को सवारी साधन खरिद गरेकोमा लागत अनुमान पनि रु ५९,९०,०००।०० नै कायम गरेको छ । लागत अनुमान तयार गर्दाको आधारमा कोटेशन माग गरिएको र पिकअपको प्रकाशित दर उल्लेख भएकोमा कुन पिकअपको दर कसरी निर्धारण गरी लागत अनुमान तयार गरेको हो स्पष्ट खुलेको छैन । यस कार्यालयले नियमावली वमोजिमको प्रक्रिया पूरा गरी लागत अनुमान तयार नगरी सवारी साधन वितरण गर्ने ३ वटा विक्रेता सँग प्राविधिक प्रस्तावलाई मूल्याङ्कन गरी एउटा फर्म सँग खरिद गरेकोले नियमावलीको व्यवस्थाको पालना गरेको देखिएन । सार्वजनिक खरिद नियमावलीको व्यवस्थाको पूर्ण रुपमा परिपालना गरी सवारीसाधन खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१.४

सवारी साधनको निरीक्षण र स्वीकृती : गो.भौ. २८।२०८१।११।०९ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर वमोजिमका भए नभएको निरीक्षण वा परिक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । यस पालिकावाट क्याटलग सपिङ्ग विधिवाट गाडि खरिद गरी Rays Motors Pvt.Ltd लाई रु ५९,९०,०००।०० भुक्तानी भएको छ । सार्वजनिक खरिद नियमावली अनुसार आपूर्ति गरिएको सवारी साधन स्पेशिफिकेशन अनुसार भए नभएको निरीक्षण नगरी भुक्तानी भएको छ । स्पेशिफिकेशन अनुसार गाडि रहे नरहेको सम्वन्धमा विषय विज्ञवाट जाँच गरी प्रमाणित गरेको प्रमाण पेश नगरेकोले स्पेशिफिकेशन अनुसार गाडि आपूर्ति भएको सम्वन्धमा एकिन हुन सकेन । तोकिएको स्पेशिफिकेशन र गुणस्तर अनुसार भए नभएको निरीक्षण र स्वीकृति नगरी भुक्तानी दिने कार्य नियम सम्मत भएन ।

सैद्धान्तिक बेरुजु

२१.५

पुरानो गाडिको जिन्सी आम्दानी : टोयटाको ल्याण्ड क्रुजर (बा १ झ ७०५९) गाडि कार्यालयले प्रयोग गरेको देखिएकोमा जिन्सी खातामा उक्त गाडि आम्दानी वाधेको छैन । सो सम्वन्धमा २०७७ सालमा संघीय मन्त्रालयवाट पुरानो गाडि प्राप्त भएको तर गाडि सँग सम्वन्धित अन्य कागजात र हस्तान्तरण भइ नआएकाले जिन्सी आम्दानी नवाधिएको पालिकाको भनाई रहेको छ । सम्वन्धित निकायमा पत्राचार गरी गाडिसँग सम्वन्धित कागजात लिई पालिकाको जिन्सीमा आम्दानी वाधिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **ठे.नं. १/०७९/८०:-**

२२.१ Construction of Prakash Jyoti Secondary School Boys Hostel कार्याको लागि पालिका र निर्माण व्यवसायी जयलक्ष्मी आर. के. जे.भी. वीच कवोल अंक रु ३,६८,७५,३५३।३७ को मिति २०८१।०९।१८ मा काम सम्पन्न गर्ने गरी मिति २०७९।०९।१९ मा सम्झौता भएको छ । यस निर्माण कार्यको म्याद मिति २०८१।१२।१७ सम्म थप भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

अद्यावधिक कार्यक्रम : खरिद सम्झौता को GCC 34.3 मा The period between program updates is 60 days. The amount to be withheld for late submission of an updated Program is NRs 1,00,000.00 को व्यवस्था रहेकोमा निर्माण व्यवसायीले अद्यावधिक कार्यक्रम पेश गरेको छैन भने पालिकावाट समेत रकम रोक्का राखेको छैन । खरिद सम्झौताको परिपालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२.२ **वढी भुक्तानी :** गो.भौ. २४।०८२।०३।२५ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको अन्तिम विल वापत रु १६,५०,६५५।०० भुक्तानी भएको छ ।

यस निर्माण कार्यको "As built" drawings र नापी किताव भिडान गर्दा Item No. 2.24. Half Brick Works (1:4 c/s) : Providing and Laying non-fabricated half brick work masonry in cement mortar 1:4 in superstructure with approved first class fired bricks in perfect Line & Level को Grid E मा लम्वाई ६ मी र चौडाई २.४५ मी. भुक्तानी दिनुपर्नेमा लम्वाई ९.१५ मी र चौडाई २.४५ मी. परिमाणको भुक्तानी दिएकोले लम्वाई ३.१५ मी. र चौडाई २.४५ मी. गरी ७.७१७५ वर्ग मी. को तीन तल्ला भवनको २३.१५२५ वर्ग मी. वढी भुक्तानी भएको छ । वढी भुक्तानी भएको परिमाण २३.१५२५ वर्ग मी. को प्रति वर्ग मी. रु २,५००।००(मू.अ.कर वाहेक) का दरले हुने रकम रु ५७,८८१।२५ मा मू.अ.कर थप रु ७,५२४।५६ समेत कुल रु ६५,४०५।८१ सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्दछ रु................. ६५,४०५।८१

प्लास्टर – २३.१५२५ * २ वर्ग मी. = ४६.३०५ व.मी. को प्रति वर्ग मी. रु ३५०।००(मू.अ.कर वाहेक) का दरले हुने रकम रु १६,२०६।७५ मा मू.अ.कर थप रु २१०६।८७ समेत कुल रु १८,३१३।६३ सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्दछ रु....... १८,३१३।६३

रङ्गरोगन - २३.१५२५ * २ वर्ग मी. = ४६.३०५ व.मी. को प्रति वर्ग मी. रु ३००।००(मू.अ.कर वाहेक) का दरले हुने रकम रु १३,८९१।५० मा मू.अ.कर थप रु १,८०५।९० समेत कुल रु १५,६९७।४० सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्दछ रु....... १५,६९७।४०

असुल गर्नुपर्ने	९७,३०९

२३ **उपभोक्तावाट RCC प्लम्व कन्क्रिट:-**

गो.भौ. ५१।०८२।०१।१२ सिरान ताल झो.पु. जाने बाटो निर्माण कार्यको लागि पालिका र सिरान ताल झो.पु. जाने बाटो निर्माण योजना वीच लागत अनुमान रु रु १०,५६,८१७।२७ को मिति २०८२।०१।३१ मा काम सम्पन्न गर्ने गरी मिति २०८१।११।२५ मा सम्झौता भएको छ । यस निर्माण कार्यको प्रथम तथा अन्तिम विल वापत रु ७,५०,०१५।०० भुक्तानी भएको छ ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेकोमा वाटोको प्लम्व कन्क्रिट RCC ढलान गर्ने जटिल प्रकृतिको कार्य उपभोक्ता समितिवाट गरेको उचित भएन । यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **गो.भौ.१०१।०८२।०३।२३:-**

उपभोक्ता समितिको काम निर्माण व्यवसायीवाट गराएको: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टवाट गराउन सकिने छैन भन्ने व्यवस्था छ ।

खोत्रो देखि नाचै मोटरबाटो निर्माण कार्यको लागि पालिका र उपभोक्ता समिति वीच लागत अनुमान रु ३७,४२,०२८।९० को पालिकाले रु ३३,६०,०००।०० र उपभोक्ताको श्रमदान रु ३,८२,०२८।९० व्यहोर्ने गरी मिति २०८२।०३।२० मा कार्य सम्पन्न गर्ने गरी मिति २०८२।०२।१४ मा सम्झौता भएको छ । यस निर्माण कार्यको प्रथम तथा अन्तिम विल वापत उपभोक्ता समितिलाई रु ३३,६०,०००।०० भुक्तानी भएको छ । निर्माण व्यवसायी न्यू बुद्ध विल्डर्स, दोर्दी गा.पा.१, लमजुङ्ग (कर नं. १४२३४३६७०) को विजक नं. ०८।०८२।०३।२० को रु ३७,७९,३२५।६८ (मू.अ.कर थप रु ४,३४,७८९।६८ समेत) संलग्न गरी भुक्तानी भएको छ । भुक्तानी दिदा मू.अ.कर कट्टीको ३०% ले हुने रकम रु १,३०,४३७।०० र अग्रिम आयकर १.५% ले हुने रकम रु ५०,१६८।०० कट्टी गरी भुक्तानी दिएको छ । लागत अनुमान तयार गर्दा जिल्ला दररेटमा मू.अ.कर थप गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिलाई भुक्तानी दिएको छ । उपभोक्ताले समितिले गर्नुपर्ने कार्य निर्माण व्यवसायीबाट गराएको बिल विजक पेश गरी भुक्तानी दिने कार्य उचित भएन । उपभोक्ता समितिवाट काम गराउदाँ मू.अ.कर थप गरी लागत अनुमान तयार गर्ने र निर्माण व्यवसायीको विल राखी भुक्तानी दिने कार्य नियम सम्मत भएन रु.....

अनियमित भएको	३३,६०,०००

२५ **पूजिगत सोझै खरिदः-**

गो.भौ. ६७।०८२।०२।०४ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यका लागि स्वीकृत नर्म्स र जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नियम १०(३) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले मालसामान स्थलगत रुपमा उपलब्ध हुने नहुने अध्ययन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिका कार्यालय जाने बाटो ढलान निर्माण कार्यको लागि पालिक र निर्माण व्यवसायी टेरेन खियोन कन्स्ट्रक्सनवीच सम्झौता भई निर्माण व्यवसायीलाई रु ९,७४,७१०।०० भुक्तानी भएको छ । यस निर्माण कार्यको लागत अनुमान

रु ९,९९,८८०।६३ रहेको छ ।Stone Break Work by Breaker कार्यको लागत अनुमान तयार गर्दा Stone को एक घ.मी. को लागि दररेट रु १६००।०० प्रति घ.मी. का दरले १.२ घ.मी. को रु १९२०।०० कायम भएको छ । Item No.2. Stone Break Works by breaker को प्रति घ.मी. रु १३८०।०० का दरले ८.१० घ.मी. को रु ११,१७८।०० कायम भएको छ । Stone Break Works by breaker कार्यवाट ८.१० घ.मी. ढुङ्गा फोडेर निस्किएको ढुङ्गा पुन प्रयोग हुने कुरामा ध्यान नदिई काम गरेको देखियो । ढुङ्गाको पुन प्रयोगलाई ध्यान नदिदाँ पालिकालाई थप आर्थिक भार पर्ने देखिन्छ । सरकारी रकम खर्च गर्दा मितव्यीता तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **परामर्श सेवा:**

२६.१ तिल्चे-ताचै-बगरछाप-घेलान्चोक-ओडार-मार्कुडाँडा-घेराङ-ताल चक्रिय पदमार्ग र ताचै-गोजुम्रो-नाम्म्याखर्क पर्यटकिय पदमार्ग डिपिआर तयारी कार्यका लागि पालिका र परामर्शदाता ब्रिक कन्सल्ट प्रा. लि. वीच कवोल अंक रु ७,९१,६५०।०० (मू.अ.कर वाहेक) मा काम सम्पन्न गर्ने गरी मिति २०८१।०६।१६ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

लागत अनुमान: लागत अनुमान तयार गर्दा Highway/Transportation Engineer(Team Leader)-5years Experience, Environmentalist/Forestry/Ecologist-5years Experience, Geologist/ Geotechnical Engineer-5years Experience, Structure-5years Experience,, Hydrologist-5years Experience, Socio Economist/Transport Economist-5years Experience, Legal Expert-5years Experience जनशक्ति आवश्यक पर्नेगरी लागत अनुमान तयार भएकोमा उक्त आवश्यक जनशक्तिको योग्यता र अनुभव देखिने विवरण पेश भएन । परामर्शदाताको अनुभव लागत अनुमान तयार गर्दा आवश्यक पर्ने जनशक्ति वास्तविक छ भन्ने सम्वन्धमा एकिन भएन ।

सैद्धान्तिक बेरुजु

२६.२

वजेट विनियोजन: यस कार्यक्रमको कुल लागत रु १३,६२,६४,२८२।५८ हुने अनुमान रहेकोमा आ.व. २०८२/०८३ को लागि रु ६० लाख प्रदेश समपुरक र रु ४० लाख गाउँपालिका पूँजिगतवाट गरी कुल रु १ करोड वजेट विनियोजन भएको पालिकाले जानकारी दिएको छ । वजेट विनियोजनको प्रवृत्ती हेर्दा उक्त योजना कार्यान्वियन गर्न १३ बर्ष भन्दा वढी लाग्ने देखिन्छ । योजनाको डिपिआर तयार गरेपछी उक्त योजना प्राथमिकताका साथ कार्यान्वयन गर्नेगरी आवश्यक वजेट विनियोजन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **लागत अनुमान:-**

गो.भौ.नं. १५।२०८२।०३।१७ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यका लागि स्वीकृत नर्म्स र जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नियम १०(३) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले मालसामान स्थलगत रुपमा उपलब्ध हुने नहुने अध्ययन गर्नुपर्ने व्यवस्था छ । प्रकाश ज्योति विद्यालय कम्पाउण्डवाल निर्माण कार्यको लागि पालिका र प्रकाश ज्योति विद्यालय कम्पाउण्डवाल निर्माण उपभोक्ता समिति वीच लागत अनुमान रु २७,०९,८७३।९२ को मिति २०८२।०३।१५ मा काम सम्पन्न गर्नेगरी मिति २०८२।०१।१७ मा सम्झौता भएको छ । यस निर्माण कार्यको प्रथम तथा अन्तिम विल वापत उपभोक्ता समितिलाई रु २४,५०,०००।०० भुक्तानी भएको छ ।

यस निर्माण कार्यको लागि Providing and Laying Stone Masonry work in cement mortar 1:6 in structure complete कार्यको लागि प्रति ५ घ.मी. रु ६१,७३४।२० का दरले लागत अनुमान तयार गरेको छ । यस कार्यको लागि आवश्यक सामग्री ढुङ्गा निर्माण स्थल नजिकै उपलब्ध भएकोमा समेत ५ घ.मी. कामका लागि ढुङ्गा ५.७५ घ.मी. को प्रति घ.मी. रु १६००।०० र ढुवानी थप रु १६०।०० समेत प्रति घ.मी. रु १०,१२०।०० का दर राखी लागत अनुमान तयार गरेको छ । सिमेन्टको प्रति मे.टन रु २०,९३३।३३ (ढुवानी रु ५११३।३३ समेत) , वालुवाको प्रति घ.मी. रु ३,३५६।६७ (ढुवानी रु १०६।६७ समेत) कायम भएको छ । Providing and Laying Stone Masonry work in cement mortar 1:6 in structure complete कार्यको लागि प्रति १ घ.मी. रु १२,३४६।८४ का दरले लागत अनुमान तयार गरेको छ ।स्थानीय स्तरमा उपलब्ध हुनसक्ने सामग्रीलाई ध्यानमा राखी वस्तुगत लागत अनुमान तयार गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **ठे.नं. ३/०८१/८२:-**

२८.१ Construction of Thaati to Larkhe Phedi Baikalpik Padmarg, Nason-6&7, Manang कार्यको लागि पालिका र निर्माण व्यवसायी हिमालयन ट्रान्सपोर्ट कन्स्ट्रक्सन एण्ड सप्लायर्स वीच कवोल अंक रु ८९,१९,४०६।४२ को मिति २०८२।०३।२० मा काम सम्पन्न गर्ने गरी मिति २०८१।०९।०८ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

कामको नापी: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।यस कार्यको Earthwork Excavation का लागि वोलपत्रको माध्यमवाट कार्य गराएकोमा कामको उचाँई (Height) नापी गर्दा फरक फरक कामका लागी फरक अवस्थिती राखी परिमाण मापन गरेको देखियो । लागत अनुमान तयार गर्दा सवै प्रकारको माटो खन्ने कामको लागि ७०% परिमाण, सफ्ट रक २०% र हार्ड रक १०% अनुमान गरी औषत लागत अनुमान तयार गरेको छ र भुक्तानी दिँदा समेत खन्ने कामको कुल परिमाण नापजाच गरी लागत अनुमान तयार गरेको प्रतिशतको आधारमा नै औषत परिमाण नापजाच गरी भुक्तानी भएको छ ।विस्तृत आयोजना प्रतिवेदा (DPR) तयार नभएको, ड्रइङ्ग डिजाइन तयार नभएको र Cross Section समेत तयार नगरी र ग्राउण्ड लेवल समेत निश्चित नगरी प्राविधिक नाप जाँचका आधारमा लिएको परिमाणलाई पुष्टयाई हुने प्रमाण देखिएन । इन्जिनियरिङ्ग नर्म्स अनुसारको प्रमाणित कागजात राखि निर्माण कार्यको नापी गरी भुक्तानी दिने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२८.२ **लागत अनुमान:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यका लागि स्वीकृत नर्म्स र जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नियम १०(३) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले मालसामान स्थलगत रुपमा उपलब्ध हुने नहुने अध्ययन गर्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको वाटो खन्ने कार्यको लागि निम्नानुसार लागत अनुमान तयार गरेको छ । यस निर्माण कार्यको ड्रइङ्ग तयार गरेको छैन जसले गर्दा ग्राउण्ड लेवल र वाटो खन्ने कार्यको वास्तविक भएको परिमाण एकिन हुन सकेन । साथै यस निर्माण कार्य सँग सम्वन्धित क्रस सेक्सन समेत पेश भएको छैन । उक्त निर्माण कार्यको काम हुनुपुर्वको अवस्था कस्तो थियो प्राविधिक पुष्टयाई गर्ने कुनै विवरण संलग्न रहेको छैन । ड्राई स्टोन मेशनरी वाल निर्माण कार्यको लागि ढुङ्गाको दर रु २०००।०० प्रति घ.मी. र थप ढुवानी वापत रु ५६०।०० प्रति घ.मी. का दरले हुने रकम रु ७५८०।८० प्रति घ.मी. का दरले लागत अनुमान तयार गरेको छ । Hard Rock Excavation को लागत अनुमान तयार गर्दा ढुङ्गाको पुन प्रयोग हुने गरी ८ घ.मी. परिमाण कट्टी गरी लागत अनुमान तयार गरेको छ । Hard Rock Excavation को क्रममा निस्कने ढुँगाको परिमाण पुन: प्रयोग हुने उल्लेख भएकोमा ड्राई स्टोन मेशनरी वाल निर्माण कार्यको लागि ढुङ्गाको खरिद लागत रु २,०००।०० र ढुवानी वापत थप रु ५६०।०० रकम जोडि लागत अनुमान तयार गरेको छ । लागत अनुमान तयार गर्दा निर्माण सामग्री स्थलगत रुपमा उपलब्ध हुने सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

आइटम	ल.ई. प्रति घ.मी.	परिमाण %	प्रति घ.मी. औषत दर रु	निर्माण व्यवसायीको कवोल दर प्रति घ.मी. रु	ल.ई. को परिमाण घ.मी.	भएको कामको परिमाण	ल.ई. रकम रु	भुक्तानी रकम रु
Roadway Excavation in all types of soil as per drawing and technical specification	१०५५.७२	७०	१५१८.५०	१८०	४६९४.६६	२३४०.४५	७१२८८३३	४२१२८१
Roadway Excavation insoft rock as per drawing and technical specification	१४२५.३५	२०						
Roadway Excavation in hard rock manually as per drawing and technical specification	४२९९.३५	१०						

पालिकाले सडक खन्ने कार्यकोलागि लागत अनुमान तयार गर्दा औषत दर प्रति घ.मी. रु ४,६९४।६६ का दरले तयार गरेकोमा निर्माण व्यवसायीले सडक खन्ने कार्यको लागि प्रति घ.मी. रु १८० का दरले कवोल गरेको छ । लागत अनुमान भन्दा ८८.१५% प्रतिशत कम कवोल गरेकोले उक्त लागत अनुमान वास्तविक छ भन्ने अवस्था देखिन्छ । लागत अनुमान तयार पूर्व निर्माण स्थलको राम्ररी सर्भे गरी वास्तविकतामा आधारित भएर लागत अनुमान तयार गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२८.३ **भेरिएशन आदेश:** गो.भौ. ४।०८२।०३।२३ (प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम) र गो.भौ. १०६।०८२।०३।२३ (गाउँपालिका) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावलीको नियम ११८ मा भेरिएशन आदेश सम्वन्धि व्यवस्था रहेको छ । यो निर्माण कार्यको कवोल अंक लागत अनुमानको तुलनामा ४४.५९% घटी रहेको छ । यस कार्यको दोश्रो तथा फाइनल विल वापत रु ३३,१७,८५५।६० भुक्तानी भएको छ । यस निर्माण कार्यको खरिद सम्झौता भन्दा कुल भुक्तानी रकम रु ६,२४,७६७।१७ घटी रहेकोमा भेरिएशन आदेश स्वीकृत भएको देखिएन । भेरिएशन आदेश स्वीकृत नगरी सम्झौतामा घटी वढी गर्ने कार्य नियम सम्मत भएन रु.....

अनियमित भएको	६,२४,७६७

२८.४ **घटी दर कवोल गरेको आइटमको परिमाणमा घटी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार भुक्तानी दिँदा करारको शर्त अनुसार भुक्तानी दिनुपर्दछ । वाटो खन्ने कार्यको लागि चेनेज 3+335 to 7+355 अर्थात ४.०२० कि.मी. सडक निर्माण गर्ने गरी ४६९४.६६ घ.मी. खन्ने कार्यको लागि सम्झौता भएकोमा फाइनल विलको नापी किताव र भुक्तानी गर्दा वाटो खन्ने कार्यको लागि 3+335 to 6+215 अर्थात २.८८० कि.मी. र ड्राई स्टोन मेशिनरी वाल निर्माण कार्यको लागि खन्ने कार्यको परिमाण समेत गरी २३४०.४५ घ.मी. खन्ने कार्य भएको छ । लागत अनुमान तयार गर्दा ड्राई स्टोन मेशिनरी वाल निर्माण कार्यको लागि खन्ने कार्यको परिमाण राखेको छैन । तर निर्माण कार्यको अन्तिम विल भुक्तानी गर्दा ड्राई स्टोन मेशिनरी वाल निर्माण कार्यको लागि खन्ने कार्यको परिमाण भनी नापजाच गरी १४७.३२ घ.मी. को प्रति घ.मी. रु १८०।०० का दरले रु २६,५१७।०० भुक्तानी दिएको छ । ड्राई स्टोन मेशिनरी वाल निर्माण कार्यको नापँजाचँ गर्दा चेनेज समेत उल्लेख भएको छैन । निर्माण कार्यको ड्रइङ्ग तयार नगरी लागत अनुमान तयार गरेको र लागत अनुमानमा नरहेको आइटम ड्राई स्टोन मेशिनरी वाल निर्माण कार्यको लागि खन्ने कार्यको परिमाण भेरिएशन आदेश स्वीकृत नगरी नापजाच गरी भुक्तानी दिने कार्य नियम सम्मत भएन ।

खन्ने कार्यको लागि लागत अनुमान मा प्रति घ.मी. रु १५१८.५० का दरले ४६९४.६६ घ.मी. को रु ७१,२८,८३३।०० रहेकोमा निर्माण व्यवसायीको कवोल अंक प्रति घ.मी. रु १८०।०० का दरले रु ८,४५,०३८।०० रहेको छ । उक्त आइटममा लागत अनुमानभन्दा निर्माण व्यवसायीको कवोल अंक रु ६२,८३,७९४।०० अर्थात ८८.१५% घटी रहेको छ । खरिद सम्झौता गर्दा ८८.१५% घटी रहेको आइटममा सम्झौता अनुसार गर्नुपर्ने परिमाण ४६९४.६६ घ.मी. मध्ये २३४०.४५ घ.मी. मात्र अर्थात ४९.८५% काम गराई कार्य सम्पन्न गर्दा निर्माण व्यवसायीलाई लाभ पुग्न गएको देखिन्छ । यसरी निर्माण व्यवसायीलाई लाभ पुग्ने गरी गरीएको निर्णय उचित भएन । यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **वढी भुक्तानी:**

ठे.नं. ४।०८१।८२, गो.भौ. १०४।०८२।०३।२३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । Construction of Store and Canteen Block in Premises of Nason-3, Dharapani, Manang कार्यको लागि पालिका र निर्माण व्यवसायी ए एण्ड एस निर्माण सेवा वीच कवोल अंक रु ३०,३१,१६०।६२ (मू.अ.कर समेत) को मिति २०८२।०३।२० मा काम सम्पन्न गर्ने गरी मिति २०८२।०२।०४ मा सम्झौता भएको छ । यस निर्माण कार्यको प्रथम रनिङ्ग विल वापत रु १९,५३,७७६।०० भुक्तानी भएको छ ।

Item no. PCC (1:1.5:3) in superstructure / RCC Building को कार्यमा भवनको भर्याङ्गको स्ल्याव 3.9*2.55*0.13 = (1.29m3) घटाउनुपर्नेमा 3.9*2.55*0.10 = (0.990) मात्र घटाएकोले 0.30 घ.मी. कम परिमाण घटाएको छ । कम परिमाण 0.30 घ.मी. को प्रति घ.मी. रु १३,५००।०० का दरले रु ४,०५०।००(मू.अ.कर वाहेक) वढी भुक्तानी भएको रकम सम्वन्धित निर्माण व्यवसायीवाट असुलहुनुपर्ने रु..........

असुल गर्नुपर्ने	४,०५०

३० **राजस्व ठेक्का (दहत्तर, वहत्तर ठेक्का):**

३०.१

ठे.नं. 1/Rev/2081/082 मस्याङ्दी नदिको विच, खोपेढुंगा आसपास र ताल पार्क भित्रका बगर क्षेत्र खण्ड कर, खण्ड ख र खण्ड ग बाट ढुंगा, गिट्टी, ग्राभेल, वालुवा संकलन तथा उत्खनन कार्यका लागि पालिका र कालिका निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. (कर दर्ता नं. ६१०४२६६६३) वीच सम्झौता रकम रु६,१५,०००।०० (मू.अ.कर समेत) प्राप्त गर्ने गरी मिति २०८२।०२।मसान्तसम्म उत्खनन गरिसक्नुपर्ने गरी मिति २०८१।१।२२ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

मूल्य अभिवृद्धी कर दाखिला : आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ दफा १५(३) अनुसार असुल गरी दाखिला गर्नुपर्दछ । आन्तरिक आय तर्फको बोलपत्र आव्हान सम्वन्धि मिति २०८१।१२।१४ को प्रकाशित सूचनाको वुदाँ नं. ४. मा कवोल अंकको थप मूल्य अभिबृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सोको प्रमाण कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले राजस्व प्राप्त गर्दा असुल हुने मु.अ.कर पालिकाको पान नं. र नाममा दाखिला हुनुपर्दछ । निर्माण व्यवसायीले राजस्व ठेक्का वापत मिति २०८२।०१।२२ मा रु ५,४४,२४७।०० (मू.अ.कर वाहेक) दाखिला गरेको छ । मू.अ.कर वापतको रकम रु ७०,७५३।०० पालिकावाट असुल भई पालिकाको पान नं. र नामवाट दाखिला हुनुपर्नेमा निर्माण व्यवसायी कालिका निर्माण सेवा एण्ड सप्लायर्स (६१०४२६६६३) को नाम र पान नं. वाट मू.अ.कर दाखिला भएको छ । मु.अ.कर स्थानीय तहको नामबाट दायित्व हुने र सम्बन्धित व्यवसायीले हिसाब मिलान समायोजन गर्न नपाउनेमा व्यवसायीकै नामबाट व्यवसायीको भ्याट नम्बर उल्लेख गरिएकोले व्यवसायीहरुलाई अनुचित लाभ पुग्न गएको देखियो । अतः व्यवसायीको नामबाट मु.अ.कर दाखिला गरिएकाले स्थानीय तहले विक्रि गरेको प्राकृतिक श्रोत (ढुङ्गा, गिट्टी, बालुवा अदी) को मु.अ.कर व्यवसायीबाट असुल गरी स्थानीय तहको नाम र पान नं. बाट दाखिला हुनु पर्ने रु.

असुल गर्नुपर्ने	७०,७५३

३०.२ **अग्रिम आयकर :** आन्तरिक आय तर्फको बोलपत्र आव्हान सम्वन्धि मिति २०८१।१२।१४ को प्रकाशित सूचनाको वुदाँ नं. ४. मा कवोल अंकको अग्रिम आयकर (१.५ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सोको प्रमाण कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । यस ठेक्काको सम्झौता रकम रु ५,४४,२४७।०० (मू.अ.कर वाहेक) को अग्रिम आयकर (१.५ प्रतिशत) ले हुने रकम रु ८,१६३।७० फर्मले दाखिला नगरेकोले आयकर वापतको रकम सम्वन्धित निर्माण व्यवसायीवाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु........

असुल गर्नुपर्ने	८,१६३

३०.३ **उत्खनन परिमाण:** सूचनाको ठेक्का सम्बन्धि अन्य शर्तहरुको बुदाँ नं. १ मा उल्लेखित समयभन्दा अगावै तोकिएको परिमाण उत्खनन भएमा उक्त उत्खनन परिमाण मुल्याङ्कन गरी कार्य प्रक्रियामा रोक लागाईने व्यवस्था छ । यस पालिकावाट प्राकृतिक श्रोत उत्खनन गरी घाट गद्दी गरी परिमाण एकिन गर्ने गरेको छैन, जसले गर्दा ठेकादार फर्मले सम्झौता वमोजिमको परिमाण ५८,४०० घ.फिट. मात्र उत्खनन भयो भन्ने सम्वन्धमा एकिन हुन सकेन । यसले गर्दा प्राकृतिक श्रोतको अत्याधिक दोहन हुनसक्ने देखिन्छ । परिमाण निश्चित गरी ठेक्का सम्झौता गरेपछी ठेकेदार फर्मलाई गिटी, वालुवाको घाट गद्दी गर्न लगाएर परिमाण निश्चित गरेर मात्र विक्री गर्न दिने तर्फ पालिका गंभिर वन्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **राजस्व ढिला दाखिला:-**

३१.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले १० दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । यस पालिका निम्नानुसार संकलित राजस्व ढिला गरी दाखिला गरेकोले ढिला गरी दाखिला भएको राजस्वको कानूनमा भएको व्यवस्था अनुसार १०% जरिवाना ढिला दाखिला गर्ने अधिकारीवाट असुल गर्नुपर्दछ ।

दहत्तर वहत्तरवाट आम्दानी: नासौँ गाउँपालिका वडा नं १ कार्यालयबाट दहत्तर बहत्तर बापत संकलित राजस्व ढिला गरी बैक जम्मा गरेको निम्नानुसार १०% जरिवाना लगाई सम्वन्धित संकलकवाट असुल हुनुपर्ने रु........

गो.भौ. र मिति	विवरण	वडा सचिवको नाम	राजस्व रकम रु	१०% जरिवाना असुल हुनुपर्ने रु
३। २०८२/०३/१३	मिति २०८१/०४/०१ देखि २०८२/०३/१३ सम्म प्राप्त नगद बैंक दाखिला गरिएको	चेतमान श्रेष्ठ	३,३१,९५०	३३१९५
५। २०८२/०३/१५	मिति २०८१/०४/०१ देखि २०८२/०३/१५ सम्म प्राप्त नगद बैंक दाखिला गरिएको	चेतमान श्रेष्ठ	७,०७,९००	७०७९०
७। २०८२/०३/१७	मिति २०८१/०४/०१ देखि २०८२/०३/१५ सम्म प्राप्त नगद बैंक दाखिला गरिएको	चेतमान श्रेष्ठ	२५,५००	२५५०
	जम्मा		१०६५३५०	१०६५३५

असुल गर्नुपर्ने	१,०६,५३५

३१.२ **विविध राजस्व आम्दानी**:- नासौँ गाउँपालिकाले सेवा प्रवाह गरी प्राप्त गरेको आम्दानी निम्नानुसार वडा कार्यालयहरुले ढिला गरी बैक जम्मा गरेकोले निम्नानुसार १०% जरिवाना लगाई सम्वन्धित संकलकवाट असुल हुनुपर्ने रु..

वडा कार्यालय/वडा सचिव	गो.भौ. र मिति	विवरण	राजस्व रकम रु	१०% जरिवाना असुल हुनुपर्ने रु
वडा नं १ चेतमान श्रेष्ठ	२९। २०८२/०१/११	२०८१/०४/०१ देखि २०८२/०१/११ सम्म प्राप्त नगद बैंक दाखिला	१८,५१५	१८५१.५०
	५४। २०८२/०३/०८	२०८१/१/११ देखि २०८२/०३/०८ सम्म प्राप्त नगद बैंक दाखिला	७९,९४१	७९९४.१०
वडा नं २ लक्ष्मी पौडेल	१५। २०८१/१२/२०	२०८१/०४/०१ देखि २०८२/१२/२० सम्म प्राप्त नगद बैंक दाखिला	१९,४००	१९४०.००
	३६। २०८२/०३/०८	२०८१/१२/२० देखि २०८२/०३/०८ सम्म प्राप्त नगद बैंक दाखिला	७८,१६०	७८१६.००
वडा नं ७ गणेश कठायत	३८। २०८२/०२/२७	२०८१/१२/०६ देखि २०८२/०२/२७ सम्म प्राप्त नगद बैंक दाखिला	५६,१५०	५६१५.००
वडा नं ८ नन्द घले	१४। २०८१/०५/२७	२०८१/०४/०१ देखि २०८१/०५/२७ सम्म प्राप्त नगद बैंक दाखिला	९०,४७२	९०४७.२०
	८२। २०८२/०३/१२	२०८२/०१/३१ देखि २०८२/०३/१२ सम्म प्राप्त नगद बैंक दाखिला	९८,७३७	९८७३.७०
		जम्मा	४४१३७५	४४१३७.५०

असुल गर्नुपर्ने	४४,१३६.६

३२ राजस्वतर्फ

३२.१ **राजश्व ब्यबस्थापन:**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ (६) मा कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको राजश्व रकमको अनिबार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था रहेको छ । सोही नियमावलीको नियम नियम ५८ (६) मा नगदै बुझिलिएको राजश्व दैनिक रुपमा राजश्व खातामा जम्मा गरि बैंक दाखिला विवरणमा प्रबिष्ट गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको आर्थिक विवरण अनुसार यस पालिकाको

आन्तरिक आय यो वर्ष रु. ७८,५४,१७६।४६ रहेको छ । यस कार्यालयले आफ्नो अधिकार क्षेत्रभित्र रहेर पालिका र वडाहरुबाट कर, शुल्क, दण्ड, जरिवाना तथा रोयल्टी लगायतका क्षेत्रबाट राजश्व संकलन गरेको छ । प्राप्त हुने राजश्व संकलन गर्न छापिएका रसिद काट्ने गरेको र अन्य प्रयोजनमा सुत्र प्रणालीबाट रसिद प्रिन्ट गरी जारी गर्ने गरेको कार्यालयले जनाएकोमा छापिएका रसिदको रसिद नियन्त्रण खाता राख्ने गरेको छैन । कार्यालयले रसिद नियन्त्रण खाता नराख्नाले कुन समयमा कति मात्रामा रसिद छापिएका थिए छापिएका रसिद ठेलिहरु कति वडा कार्यालयमा पठाईएका र कति ठेलि पालिका कार्यालयमा नैं उपयोग भए सो सम्बन्धमा एकिन गर्न सकिएन । पालिकाले वडा कार्यालयलाई रसिद ठेली उपलब्ध गराउँदा पालिकामा कुनै लिखित रेकर्ड नराखी मागका आधारमा उपलब्ध गराउने गरेको पाईयो । यसरी रसिद नियन्त्रण खाता नराख्नाले के कति रसिद छापिएका थिए र के कति रसिद काटेर के कति राजश्व संकलन भएको हो सो सम्बन्धमा कार्यालयले एकिन गर्नुपर्दछ । अत: कार्यालयले राजश्व संकलन गर्न छापिएका रसिद ठेलिहरुको नियन्त्रण गर्न रसिद नियन्त्रण खाता राखि प्रविष्टि गेरर मात्र वडा कार्यलालयहरुमा रसिद ठेली उपलब्ध गराउनु पर्दछ भने संकलित राजश्व समयमै बैंक दाखिला गरी राजश्व ब्यबस्थापन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२.२ **राजश्व अभिलेखः**- कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले प्राकृतिक स्रोतको राजश्व संकलन रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेको र रसिद ठेलीहरु गत वर्षको मौजदात, यस बर्षको आम्दानी कति भन्ने एकीन विवरण राखेको छैन। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३२.३ **प्राकृतिक श्रोतको आय:**- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२.घ.६) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रका ढुङ्गा, गिट्टी, बालूवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदी प्राकृतिक एवं खानीजन्य बस्तुको बिक्री तथा निकासी शुल्क तथा दस्तुर संकलन गर्न सक्ने ब्यबस्था गरेको छ । त्यसैगरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ (३) मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची १ मा उल्लेखित कर तथा गैरकर लगाउन र उठाउन पाउने व्यवस्था रहेको छ । सोही ऐनको अनुसूची ४ मा नेपाल सरकार, सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय तहबीच प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड सम्बन्धमा व्यवस्था गरेको छ । यस पालिकाले यो वर्ष बालुवा उत्खनन् तथा संकलन गरेर ढुवानी गरेको अबस्थामा अमानतबाट रसिद काटेर रु११,७०,३००।०० कार्यपालिकाको मिति २०८१।११।१८ को निर्णय अनुसार कालिका निर्माण सेवालाई रु १७५० को दरले २५७ टिपरको रु ४,४९,७५०।०० बारबरको नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्ने निर्णय गरेको र मिति २०८२।०१।२२ बाट ठेक्का लगाई ठेक्का मार्फत रु ५,४४,२४७।०० गरि जम्मा रु २१,६४,२९७।०० संकलन गरेको छ भने अन्य प्राकृतिक श्रोतको उत्खनन् तथा संकलनमा अमानतबाट पनि कुनै राजश्व उठाउने गरेको छैन । त्यसैगरी प्राकृतिक श्रोतको उत्खनन् तथा संकलनमा राजश्व असुल नगर्दा नेपाल सरकार तथा प्रदेश सरकारको समेत राजश्व बाँडफाँडबाट प्राप्त हुने आय गुमेको अबस्था छ । यस पालिकाले आफ्नो क्षेत्रभित्रका प्राकृतिक श्रोतको उत्खनन् तथा संकलनमा समयमै आय ठेक्का लगाई राजश्व संकलन गर्न पहल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **संरक्षण क्षेत्रभित्रको राजस्वः-**

अन्नपुर्ण संरक्षण क्षेत्र भित्र पर्ने स्थानमा रहेका प्राकृतिक स्रोतको उपयोग, बिक्री र निकासी शुल्क संकलनमा अन्नपुर्ण संरक्षण आयोजनाले रोक लगाईरहेको, वन तथा निकुञ्ज सम्बन्धी ऐन कानुनले स्थानीय सरकारका अधिकारलाई अंकुश लगाउने कार्य भएको उल्लेख गर्दै यस यस गाउँपालिका समेत १५ वटा पालिकाहरुले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम अधिकार प्रयोग गरी पालिका क्षेत्र भित्रपर्ने स्थानमा रहेका ढुंगा, गिट्टि, वालुवा, माटो, काठ, दाउरा, जडिबुटी, स्लेट, खरिढुंगा आदी प्राकृतिक स्रोतको

उपयोगबाट स्थानीय कर, सेवा शुल्क तथा दस्तुर सम्बन्धी अधिकार प्रयोग गर्न पाउनु पर्ने भनी कानुन संसोधन गर्न संयुक्त रुपमा २०७९ फागुन १७ मा निर्णय गरेको पाईयो । नेपाल सरकार वन तथा वातावरण मन्त्रालयको २०८०।०९।०५ मा प्रकाशित सुचना अनुसार विभिन्न शर्त सहित २०८५ असार मसान्तसम्म राष्ट्रिय प्रकृति संरक्षण कोषलाई अन्नपुर्ण संरक्षण क्षेत्रको व्यवस्थापन गर्ने जिम्मेवारी सुम्पने निर्णय गरेको पाईयो । नेपाल सरकारले नेपाल राजपत्रमा प्रकासन गरेको सुचना अनुसार शर्त नं १ मा नेपाल सरकारबाट निर्णय भएको मितिले पाँचमहिना भित्र राष्ट्रिय प्रकृति संरक्षण कोषले अन्नपुर्ण संरक्षण क्षेत्र र मनास्लु संरक्षण क्षेत्रको व्यवस्थापन योजना तयार गरी पेश गर्ने, सो व्यवस्थापन योजना राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१क) बमोजिम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले एक महिनाभित्र स्वीकृत गर्ने र राष्ट्रिय प्राकृतिक स्रोत संरक्षण कोषले सोही बमोजिम संरक्षण तथा व्यवस्थापन गर्ने र शर्त नं २ मा राष्ट्रिय प्रकृति संरक्षण कोषले संरक्षण क्षेत्रको थप व्यवस्थापन जिम्मेवारी सुम्पिएको अवधी देखी नै अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ को उपदफा (६), दफा ७ को उपदफा (१) र (२) सँग सम्बन्धित अनुसुची-४ बमोजिम प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त हुने रोयल्टी सञ्चित विभाज्य कोषमा जम्मा गर्ने उल्लेख भएको पाईयो । यसै निर्णय वमोजिम अन्नपुर्ण संरक्षण क्षेत्र भित्र पर्ने यस यस गाउँपालिकामा यस प्रयोजन वापत प्राप्त रकम खुल्ने विवरण प्राप्त नभएकोले पालिकाले यस प्रयोजनबाट प्राप्त हुने राजश्व प्राप्त गर्न सम्बन्धित निकाय सँग समन्वय गरी निर्क्यौल गर्नु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३४ **आय-व्यय अनुमान:-**

नेपालको संविधानको धारा २३०(१) मा पालिकाले प्रत्येक आर्थिक बर्षको राजस्व र व्ययको अनुमान स्थानिय कानून वमोजिम गाउँ सभामा पेश गरी पारित गराउनु पर्ने व्यवस्था छ । प्रारम्भिक वातावरणीय परीक्षणकोलागि परामर्शदाता सँग मिति २०८१।०९।२९ मा सम्झौता भएको छ । मस्याङदि नदिमा नदीजन्य पदार्थ उत्खननको लागि IEE गरी परामर्शदाता मारुति डिजाइनर्स प्रा.लि. ले मिति २०८१।१२।०७ मा प्रतिवेदन पेश गरेको छ । IEE अनुसार दैनिक संकलन गर्न सकिने मात्रा ३०० घ.मी. (१०,५८४ घ.फिट) कायम गरेको छ । बार्षिक नौ महिना (२७० दिन – असोज देखि जेठ सम्म) संकलन गर्न सकिने मात्रामा क्षेत्र १ मा ७४,२७९।३९ घ.फिट, क्षेत्र २ मा ३,०२,१९६।०६ घ.फिट, क्षेत्र ३ मा १७,८८२।७३ घ.फिटको बार्षिक संकलन र बिक्रीद्धारा कुल रकम रु ३५,४९,२२३।६४ आम्दानी हुने प्रक्षेपण गरेको छ ।

IEE समयमा गराई सोही अनुसार आन्तरिक आय ठेक्का वन्दोवस्त गरी पालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने तर्फ पालिकाले ध्यान दिएको देखिएन । पालिकावाट वालुवा, गिट्टी, ढुङ्गा आफ्नै कर्मचारी परिचालन गरी विक्री गरी राजस्व संकलन गर्दा कुल रु १६,२०,०५०।०० आन्तरिक आय प्राप्त भएको छ भने ठेक्का वाट करिव १ महिना ८ दिनमा रु ५,४४,२४७।०० आन्तरिक आय प्राप्त गरी कुल जम्मा रु २१,६४,२९७।०० आन्तरिक आय प्राप्त भएको छ । आर्थिक वर्षको शुरुमा IEE नगरी ठेक्का वन्दोवस्त नगर्दा पालिकाको आन्तरिक आय रु १३,८४,९२६।६४ घटेको छ । आन्तरिक आय वृद्धी गर्ने तर्फ पालिकाले ध्यान दिएको देखिएन । आन्तरिक आय वृद्धी गर्ने गरी काम गर्नेतर्फ पालिका गंभिर वन्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **दहत्तर बहत्तरः-**

गण्डकी प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८(५) र सोही ऐनको दफा ८(४) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँड गरी साठी प्रतिशत रकम स्थानीय तहको संचित कोष र चालीस प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले वोलपत्र र पटके रुपमा ढुङगा, गिट्टी र बालुवा संकलन बापत रु १९,१५,३०७।०८ (मू.अ.कर वाहेक) दहत्तर बहत्तर शुल्क संकलन गरेकोमा सो को चालीस प्रतिशतले हुने रकम रु ७,६६,१२२/८३ प्रदेश सरकारमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु..

प्रमाण पेश नगरेको	७,६६,१२२

३६ **एम्जाभेटर आयः-**

डोजार संचालनका लागि पालिकाले नासो गाउँपालिका हेभि इक्युपमेन्ट संचालन कार्यविधि, २०७९ को अनुसुची १ बमोजिम निवेदन दिई अनुसूचि २ बमोजिम सम्झौता गर्नुपर्ने व्यवस्था छ । सम्झौताको बुँदा न १६ (ख) बमोजिम भाडामा उपलब्ध गराइएको उक्त मेसिनको भाडा गाउँपालिका कार्यालयमा सुरुमा ५० प्रतिशत जम्मा गर्नुपर्ने र भाडा रकमको हिसाव चालकले प्रमाणित गरी गाउँपालिकामा बुझाएको प्रमाणित घण्टाको आधारमा हुनेछ भन्ने व्यवस्था छ । पालिकाले बिना सम्झौता भाँडामा दिने गरेको र हेभि इक्युपमेन्ट संचालन सञ्चालन सम्बन्धि कार्यविधिको पालन हुने नगरेको छ । साथै पालिकाले उपलब्ध गराएको विवरणका आधारमा देहायका व्यक्तिले डोजर भाडामा लिएवापत चालकले प्रमाणित गरि दिएको भुक्तानीको आधारमा पालिकाको आम्दानी खातामा नआएको रकम असुल गर्नुपर्ने रु..

डोजर भाडमा लिनेको नाम	डोजर संचालन मिति	प्रयोग गरेको समय	प्रतिघण्टा दर रु.	असुल गर्नुपर्ने रकमरु .	प्रयोग स्थान	साधन
भोज बहादुर गुरुङ	२०८२।०२।११	१३।२	२०००	२६,४००।००	थोचे	बकेट
पुरे गुरुङ	२०८१।१०।०९	२।२	२०००	४,४००।००	पालिका	
रेशम गुरुङ	२०८१।०९।२७-१०।०२	२९।४	२०००	५८,८००।००	नासौँ ६	
	जम्मा			८९,६००।००		

• हेभि इक्युपमेन्ट सञ्चालनका लागि अनिवार्य रुपमा भर्नुपर्ने लगसिट फारम सम्बन्धि व्यवस्था कार्यविधिको अनुसूचि ३ मा व्यवस्था गरेको भएतापनि डोजरको प्रयोगमामा लगसिट फारम भर्ने गरेको पाइएन । यस आर्थिक वर्षमा १४९८ देखि २२६३ घण्टा मिटर अंक ७६५ घण्टा प्रयोग भएको छ ।

असुल गर्नुपर्ने	८९,६००

३७ **एम्वुलेन्स संचालनः-**

कार्यपालिकाले एम्बुलेन्स सञ्चालन गर्न मिति २०७९ भाद्र २३ को निर्णय बमोजिम एम्वुलेन्स भाडादरको व्यवस्था गरेको छ ।पालिकाले पेश गरेको विवरण अनुसार तपसिलका व्यक्तिहरुले विभिन्न मितिमा एम्वुलेन्स भाडामा प्रयोग गरेकोमा नियमानुसार तिर्नुपर्ने रकम नतिरेकोले असुल गर्नुपर्ने रु..

भाडामा लिनेको नाम	एम्वुलेन्स संचालन मिति	भाडामा गएको ठाउँ	असुल गर्नुपर्ने रकम
भोज बहादुर गुरुङ	२०८२।०१।०१	धारापानी देखि बेशिसहर	८०००।००
अनिल गुरुङ	२०८२।०१।०९	धारापानी देखि बेशिसहर	८०००।००
	जम्मा		१६०००।००

असुल गर्नुपर्ने	१६,०००

३८ **शिक्षक दरवन्दी र पदपूर्ति**

शिक्षक दरवन्दी र पदपूर्ति शिक्षा ऐन, २०२८ को दफा१६ च १ अनुसार जिल्ला शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्ने जस अनुसार हिमालमा ४० विद्यार्थी बराबर १ शिक्षक, पहाडमा ४५ विद्यार्थी बराबर १ शिक्षक र तराई तथा उपत्यकामा ५० विद्यार्थी बराबर १ शिक्षक हुनुपर्ने व्यवस्था गरेको छ । नियमावलीमा प्राथमिक विद्यालयमा शिक्षक एक जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तिमा दुई जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तिमा तीन जना, निम्न माध्यमिक विद्यालयमा चार जना र कक्षा १ देखि ८ सम्म सञ्चालन भएको विद्यालयमा कम्तिमा सात जना शिक्षक रहने व्यवस्था रहेको छ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका एघार सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थि संख्या
१	SHREE AMAR BASIC SCHOOL	१	१	-	१
२	SHREE GYANODYA BASIC SCHOOL	४	४		१
३	SHREE PASHUPATI BASIC SCHOOL	६	६		१
४	SHREE BHANU SECONDARY SCHOOL	११	१०	४	३
५	SHREE MANSURI BASIC SCHOOL	६	६		२
६	SHREE MARSYANDGI BASIC SCHOOL	४	४		१
७	SHREE JANA BIKASH BASIC SCHOOL	७	७		४
८	SHREE DHARAPANI BASIC SCHOOL	१	१		१
९	SHREE PRAKASH JYOTI SECONDARY SCHL	१३	१३	५	१६७
१०	SHREE HIM JYOTI BASIC SCHOOL	९	८	२	५
११	SHREE SARSWOTI BASIC SCHOOL	५	५		२

पालिकाको ऐनमा भएको व्यवस्था अनुसार कार्याव्वियन गरेको देखिएन।ऐनको पालनामा ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३९ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ४३ जना रहेका छन। पालिकाले संघीय सर्सत अनुदान बाट ५ सय थान स्यानिटरी प्याड रु.५०२२० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । यस आ.व. को म्याद ननाघेको तथा म्याद नाघेको पेश्की रु. ४४ लाख १७ हजार १८८ फछ्र्यौट गर्न बाँकी रहेको छ । नियमानुसार समयमै पेश्की फछ्र्यौट गर्नुपर्ने म्याद नाघेको तथा म्याद ननाघेको पेश्की फर्छ्यौट नभएको रु.

	पेश्कीलिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	म्याद ननाघेको	म्यादनाघेको
	कर्मचारी		
१	आइत माया बि. क		१०,०००.००
२	शर्मिला घले		१०,०००.००
३	सरस्वाती गुरूङ		१०,०००.००
	संस्थागत		
१	वैकल्पिकउर्जा प्रवर्धन केन्द्र		३६,६४,९६१.५८
२	अमर आ वि घेराङ		२,०००.००
३	अमर आ वि घेराङ		१५,५००.००
४	ज्ञानोदय आ वि दानाक्यू		२,०००.००
५	ज्ञानोदय आ वि दानाक्यू		१५,५००.००
६	पशुपति आ वि बगरछाप		४,०००.००
७	पशुपति आ वि बगरछाप		१६,०००.००
८	भानु मा वि ताल		६,०००.००
९	भानु मा वि ताल		३८,५००.००
१०	मनसुरी आ वि नाचै		४,०००.००
११	मनसुरी आ वि नाचै		१६,०००.००
१२	मर्स्याङ्दी आ वि खोत्रो		४,०००.००
१३	मर्स्याङ्दी आ वि खोत्रो		१६,०००.००
१४	श्री जनविकस आ वि ताचै		१०,०००.००
१५	श्री जनविकस आ वि ताचै		१७,५००.००
१६	श्री धारापानी आ वि		१५,०००.००
१७	श्री प्रकाश ज्योती सेकेण्डरी स्कुल		११,६००.००
१८	श्री प्रकाश ज्योती सेकेण्डरी स्कुल		५६,४५२.००
१९	श्री प्रकाश ज्योती सेकेण्डरी स्कुल		९०,१७५.००
२०	श्री हिमज्योति आ वि तिल्चे		४,०००.००
२१	श्री हिमज्योति आ वि तिल्चे		१६,०००.००
२२	सरस्वती आ वि ओडार		४,०००.००
२३	सरस्वती आ वि ओडार		१६,०००.००
२४	अमर आ वि घेराङ	१०,०००.००	
२५	ज्ञानोदय आ वि दानाक्यू	१०,०००.००	

२६	पशुपति आ वि बगरछाप	१०,०००.००	
२७	भानु मा वि ताल	१५,०००.००	
२८	मनसुरी आ वि नाचै	१०,०००.००	
२९	मर्स्याङ्दी आ वि खोत्रो	१०,०००.००	
३०	श्री जनविकस आ वि ताचै	१०,०००.००	
३१	श्री धारापानी आ वि	१०,०००.००	
३२	श्री प्रकाश ज्योती सेकेण्डरी स्कुल	३५,०००.००	
३३	श्री हिमज्योति आ वि तिल्चे	१०,०००.००	
३४	सरस्वती आ वि ओडार	१०,०००.००	
३५	भानु मा वि ताल	१०,०००.००	
	उपभोक्ता समिति		
१	ताचै गाउँ ढल निकास योजना उपभोक्ता समिति		१,९२,०००.००
		१,५०,०००.००	४२,६७,१८८.५८

पेश्की	४४,१७,१८८.५८

४१ **औषधि खरिद**

पालिकालाई आवश्यक पर्ने औषधि खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सर्सत अनुदानको बजेट उप शिर्षकबाट विभिन्न फर्मा सँग रु ११८६००० र नगरपालिका चालु बाट रु ९४८०२४ गरि जम्मा रु २१३४०२४ को औषधि खरिद गरेको देखिन्छ।पालिकाले विभिन्न समयमा टुक्रा खरिद गरेको पाइन्छ यसरी आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा आवश्यक उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **शिर्षक फरक पारि खर्च** (४०-2081-08-06):

आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७६ को दफा ३९ मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्नुपर्ने र महालेखापरीक्षकबाट स्वीकृत एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार बजेट खर्च लेख्दा तोकिएको खर्च शिर्षकबाट गर्नुपर्ने व्यवस्था छ।गाँउपालिकाले सशर्त अनुदानमा खर्च लेख्दा सम्बन्धित शीर्षकबाट नै लेख्नुपर्नेमा देहायको सामान खरिद गर्दा शीर्षक फरक पारी खर्च लेखेको देखिन्छ।कार्यालयले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद शिर्षक बाट विभिन्न तिन वटा फर्मबाट ओसन सर्जिकल ट्रेड कन्सर्न ऽन्युटोन इन्टरनेशनल प्रा लि र भिमदेवी मेडिसिन सप्लायर्स लाई जम्मा ९८४०४९ भुक्तानी भएको छ । कार्यालयले ओसन सर्जिकल ट्रेड कन्सर्न प्रा. लि. रु ९९७२२ भुक्तानी भएको छ जसबाट कार्यालयले आठ वटा weight machine को रु १०*४८५० को रु४८५०० र पाँच वटा Digital blood pressure test को रु ५*५४०० को रु २७००० गरी जम्मा रु ७५५०० मुल्य बराबर को

औषधि बाहेकको सामाग्रि खरिद गरेको पाइएको छ । कार्यालयले औषधि खरिद शिर्षकमा विनियोजित बजेट सोहि शिर्षकमा खर्च गर्नुपर्दछ ।यसरी औषधि खरिद शिर्षक खरिदबाट अन्य सामान खरिद गरेको अनियमित रकम रु.

अनियमित भएको	७५,५००

४३ **गत बर्ष सम्मको पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकमतोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ।पालिकाले गत बर्षसम्म विभिन्न कर्मचारी, पदाधिकारी, व्यक्ति तथा संस्थालाई दिएको निम्नानुसार पेश्की बांकी रु. ४३७००० यस वर्षसम्म पनि फछ्र्यौट नभई बाँकी रहेको देखिन्छ। गत वर्ष देखि बाँकी पेश्की कार्यालयले फछ्र्यौट गराउनु पर्दछ अन्यथा व्याज सहित असुल गर्नु पर्दछ।

क्र. सं	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	म्याद नाघेको
	कर्मचारी	
१	तुलसी राम गुरुङ	१,००,०००.००
	संस्थागत	
२	अमर आ वि घेराङ	२,०००.००
३	अमर आ वि घेराङ	१५,०००.००
४	अमर आ वि घेराङ	१०,०००.००
५	ज्ञानोदय आ वि दानाक्यू	४,०००.००
६	ज्ञानोदय आ वि दानाक्यू	१,०००.००
७	ज्ञानोदय आ वि दानाक्यू	१५,०००.००
८	ज्ञानोदय आ वि दानाक्यू	१०,०००.००
९	पशुपति आ वि बगरछाप	४,०००.००
१०	पशुपति आ वि बगरछाप	१,०००.००
११	पशुपति आ वि बगरछाप	१५,०००.००
१२	पशुपति आ वि बगरछाप	१०,०००.००
१३	भानु मा वि ताल	६,०००.००
१४	भानु मा वि ताल	२,०००.००
१५	भानु मा वि ताल	१२,०००.००
१६	भानु मा वि ताल	३५,०००.००
१७	मनसुरी आ वि नाचै	६,०००.००
१८	मनसुरी आ वि नाचै	१,५००.००
१९	मनसुरी आ वि नाचै	१५,०००.००
२०	मनसुरी आ वि नाचै	१०,०००.००
२१	मर्स्याङ्दी आ वि खोत्रो	४,०००.००
२२	मर्स्याङ्दी आ वि खोत्रो	१,०००.००
२३	मर्स्याङ्दी आ वि खोत्रो	१५,०००.००
२४	मर्स्याङ्दी आ वि खोत्रो	१०,०००.००
२५	श्री जनविकस आ वि ताचै	१४,०००.००
२६	श्री जनविकस आ वि ताचै	३,५००.००
२७	श्री जनविकस आ वि ताचै	१५,०००.००
२८	श्री जनविकस आ वि ताचै	१०,०००.००

२९	श्री धारापानी आ वि	४,०००.००
३०	श्री धारापानी आ वि	१,०००.००
३१	श्री धारापानी आ वि	१५,०००.००
३२	श्री धारापानी आ वि	१०,०००.००
३३	श्री हिमज्योति आ वि तिल्चे	६,०००.००
३४	श्री हिमज्योति आ वि तिल्चे	१,५००.००
३५	श्री हिमज्योति आ वि तिल्चे	१५,०००.००
३६	श्री हिमज्योति आ वि तिल्चे	१०,०००.००
३७	सरस्वती आ वि ओडार	२,०००.००
३८	सरस्वती आ वि ओडार	५००.००
३९	सरस्वती आ वि ओडार	१५,०००.००
४०	सरस्वती आ वि ओडार	१०,०००.००
		४३७०००

सैद्धान्तिक बेरुजु

४४ **खाना तथा विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।साथै म.ले.नि.का को प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका खर्च नियमानुसार गरी विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाले यस्ता विविध खर्च शिर्षकमा रु१५,००,०००।०० बजेट व्यवस्था गरेकोमा रु ५,४८,७३७।०० खर्च गरेको छ । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार खर्च पुष्टि हुने प्रमाण कागजात संलग्न प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **कार्यालय समाग्री खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिमको लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा यस ऐन बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु.२० लाख सम्म लागत अनुमान भएको मालसामान खरिद सिलबन्दी दरभाउपत्र तथा सो भन्दा बढी लागत अनुमान भएको खरिद खुला बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले तुलनात्मक तालिका तयार नगरी सामानहरु खरिद गर्ने गरेको र नियमावली विपरीत प्रतिष्पर्धा सिमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्ने कार्यलाई नियन्त्रण गरिनु पर्दछ ।

क्र.स.	गो.भौ.न.	भुक्तानी पाउने	विवरण	रकम रु
१	५८।२०८१/०६/१६	सृष्टि स्टेशनरी एण्ड जनरल अर्डर सप्लायर्स	मसलन्द तथा कार्यालय सामाग्री	२,३८,३७३।५०
२	२६४।२०८२/०१/३०	सन्जिवनी आइ टि सोलुसन	मसलन्द तथा कार्यालय सामाग्री	१,३४,९१५।००
३	३१२।२०८२/०३/०१	केडि इन्टरप्राईजेज(३,३१,१७६) सृष्टि स्टेशनरी एण्ड जनरल अर्डर सप्लायर्स (२,६४,०३२)	मसलन्द तथा कार्यालय सामाग्री	६,०३,२१६।००
४	३८७।२०८२/०३/२२	आरु ट्रेर्डस प्रा.लि.	मसलन्द तथा कार्यालय सामाग्री	४,१५,९५३।००
	जम्मा			१३,९२,४५७।५

सैद्धान्तिक बेरुजु

४६ **वडा समाग्री खरिदः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकम खर्च लेख्दा चेकजाँच गरी रित पुगे नपुगेको एकिन गरेरे मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाको केही वडा कार्यालयको खर्च लेखापरीक्षण गर्दा वडा कार्यालयले आफै मालसमान खरिद गर्ने गरेको पालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट खरिद आदेश स्वीकृत नगरेको खरिद गरेका समान पाम्समा दाखिला हुने नगरेको देखिन्छ । वडालाई आवश्यक पर्ने समाग्री पालिकाका बाट उपलब्ध गराई समान खरिद प्रक्रियालाई व्यवस्थित गराउनु पर्दछ ।

गो भौ न	कार्यालय	विवरण	भुक्तानी पाउने	रकम रु
३१८।२०८२।०३।०२	वडा नं ९	माल समान खरिद गरेको	वडा सचिव दाधोर्जे विष्ट	२४७७०।००
३२४।२०८२।०३।०४	वडा नं २	AAA492 RTR मर्मत गरेको मर्मत आदेश नभएको दाखिला नभएको		९४५०।००
३२५।२०८२।०३।०४	वडा नं २	माल समान खरिद गरेको	वडा सचिव सौगात भुसाल	२११३५।००
३२६।२०८२।०३।०४	वडा नं ६	कार्यालय समाग्री खरिद	वडा सचिव गणेश कठायत	१६१००।००
३२७।२०८२।०३।०४	वडा नं ७	मालसमान खरिद गरेको	वडा सचिव गणेश कठायत	१५८०५।००
३३६।२०८२।०३।०८	वडा नं २	मालसमान खरिद गरेको	वडा सचिव लक्ष्मी पौडेल	१९७७५।००
३५३।२०८२।०३।१६	वडा नं १	कार्यालय समाग्री खरिद	वडा सचिव चेतमान श्रेष्ठ	५४५४५।००
४०४।२०८२।०३।२३	वडा नं ५	मालसमान खरिद गरेको	वडा सचिव उज्वल लोहनी	४४४७६।००

सैद्धान्तिक बेरुजु

४७ **भ्रमण अभिलेख:**

भ्रमण खर्च नियमावली२०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्ला भित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष अनुगमन, मूल्यांकन खर्च भ्रमण खर्च र अन्य भ्रमण खर्च शिर्षकवाट रु २२ लाख खर्च लेखेको छ। कार्यालयले गरेको भ्रमण खर्चको उद्धेश्य पुरा हुने गरी कानूनको पालना भएको पाइदैन । जस अन्तगर्त नियमावली अनुसार व्यवस्थित भ्रमण अभिलेख खाता नरहेको, र भ्रमण अभिलेख दुरीको विवरण आदि नराखेको कारणले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन ।दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा भत्ताको दर, बिल, टिकट लगायत कानूनको पालना, खर्चमा मितव्ययिता र भ्रमण किफायती हुनुपर्ने बिषयमा ध्यान गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

४८ **सहकारी नियमन:-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका सहकारी संस्थाको पुर्ण विवरण राख्ने गरेको छैन । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण समेत भएको पाइएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **कृषि ताथा पशु अनुदानः**

कृषिसँग सम्बन्धित सहकारी तथा संघ संस्थाहरुलाई कृषि विकासका लागी प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वियन निर्देशिका, २०७३ को दफा २१ मा अनुदानको प्रतिवेदन र दफा २२ बमोजिम अनुदान कार्यान्वियनसँग सम्बन्धित कार्यालयले नियमित रुपमा अनुगमन निरिक्षण गर्नुपर्ने उल्लेख छ । कार्यालयले अनुदान रकम वितरणको मापदण्ड वनाएको छैन भने मापदण्डको अभावमा अनुदान उपयोगको अनुगमन समेत वस्तुगत नहुने देखिन्छ । पालिकाले उपलब्ध गराएको सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी पूँजी निर्माण गर्ने उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन गर्नुपर्दछ । यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत संचालित केही कार्यक्रमहरु र सो सम्बन्धी केही व्यहोराहरु देहाय अनुसार रहेका छन्

क्र स	कार्यक्रमको नाम	बजेट रकम रु	अनुदान खर्च रकम रु
१	मौसमि तथा बेमौसमी तरकारी बिउ वितरण	२,५०,०००।००	२,४९,७८५।००
२	अनुदानमा टनेल निर्माण गर्ने कृषकका लागि प्लाष्टिक वितरण	१,२०,०००।००	१,१९,६२५।००
३	व्यवसायिक तरकारी खेति प्रदर्शन कार्यक्रम	१,००,०००।००	६७,०३०।००
४	लसुन खेति प्रवर्द्धन कार्यक्रम	२,००,०००।००	१,९९,८००।००
५	पशु स्वास्थ्य सामाग्री खरिद तथा उपचार सेवा कार्यक्रम	४,००,०००।००	३,९८,१२५।००

• पालिकाले अनुदान वितरण पश्चातको उपलव्धी मापन गरी सोको प्रतिवेदन समेत पेश गर्ने गरेको पाईएन। अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुँदा ठुला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ। साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन समेत लिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५० **विद्यालय अनुदानः**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम संघीय विभान्यकोषबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण अनुदान रकमको उपयोग गर्दा पालिकाको आन्तरिक आय वृद्धि हुने गरि पूजिगत खर्चमा गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८९ (१) मा रासन बन्दोबस्त गर्नुपर्ने प्रत्येक सालको माघ १ गते देखि नयाँ आपूर्तिकर्ताले रासन आपूर्ति गर्नुपर्ने गरि सिलबन्दी दरभाउपत्र वा बोलपत्र आव्हान गरी रासन खरिद गर्नुपर्ने व्यवस्था छ । साथै पालिकाको यस आर्थिक वार्षिकमा कार्यक्रममा समावेश भएको निम्न रकमको सार्बजनिक खरीद नियमावलीको ब्यबस्था अनुसार प्रतिविद्यार्थी वार्षिक लागत अनुमान तयार गरेर रासन ठेक्का बाट आपूर्ती ब्यबस्था गर्नुपर्नेमा विद्यालयले आवश्यकता अनुसार सामाग्री खरिद गरेको बिल पेश गरेको आधारमा भुक्तानी दिने गरेको छ। साथै विद्यार्थीलाई कुन कुन दिन, कुन गुणस्तरको, के के खाना खाजा उपलब्ध गराउने भन्ने तालिका समेत तयार गरि सो अनुसारको

राशन ब्यबस्था गर्ने गरेको छैन । पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिमको विद्यालयलाई अनुदान स्वरुप निम्न अनुसारको रकम भुक्तानी गरी खर्च लेखेको छ ।

सि.नं.	भौचर नम्बर र मिति	विद्यालयको नाम	अनुदान रकम रु
१	५२।२०८१/०६/१६	प्रकाश ज्योती आवासीय माध्यमिक विद्यालय	१४,५९,०५०।००
२	१३३।२०८१/०९/०९	"	९,५३,२५०।००
३	२७४।२०८२/०२/०५	"	७,७१,०००।००
४	४१७।२०८२/०३/२४	"	९,९०,५६०।००
		जम्मा	४१,७३,८६०।००

• विद्यालय वा पालिकाले लागत अनुमान तयारी गरी सार्वजनिक खरिद नियमावलीको व्यवस्था अनुसार राशन आपूर्तिको व्यवस्था नगरेर सोझै र पटके खरिद गर्ने गरेका कारण प्रति विद्यार्थी तथा प्रति शिक्षक/भान्से लागत के कति लाग्ने, विद्यार्थीलाई न्युनतम रुपमा कुन गुणस्तरको खाना खाजा उपलब्ध गराउने सम्बन्धमा एकिन गर्न नसकिनुका साथै राशन व्यवस्थामा मित्तब्ययिता तथा गुणस्तर समेत कायम हुने देखिएन ।

• यसरी समाग्री खरिद गर्दा केहि सामाग्रीहरुको बिल पालिकाको नाममा र केहि विद्यालयको नाममा रहेको तर पालिकामा जिन्सी दाखिला गरेर विद्यालयलाई हस्तान्तरण नगरी सोझै विद्यालयमा जिन्सीमा दाखिला हुने गरेको समेत पाईयो । आवासीय रुपमा विद्यालयमै बसोबास गर्ने विद्यार्थीहरुबाट विद्यालयले मासिक रुपमा शुल्क समेत उठाउने गरेको जनाएकोमा कुन कक्षाका विद्यार्थीहरुसँग के कति शुल्क लिएर कति आम्दानी हुने गरेको र विद्यालयले समेत सोही राशन ब्यबस्थामा के कति रकम खर्च गरेको सो सम्बन्धमा एकिन गर्न सकिएन ।

• अनुदान उपलब्ध गराउँदा विद्यार्थीको हाजिर प्रमाणित पेश नगरेकोले आवासिय सुविधा लिने विद्यार्थीको संख्या समेत एकिन हुन सकिएन । विद्यालयमा खाद्यान्नको उपलब्धता तथा गुणस्तर सम्बन्धमा पालिकाले नियमित रुपमा अनुगमन गरि प्रतिवेदन समेत पेश गर्ने गरेको छैन । पालिकाले सार्वजनिक खरीद नियमावली, २०६४ को ब्यबस्था अनुसार सिलबन्दी दरभाउपत्र वा बोलपत्र आब्हान गरी आबासीय विद्यार्थीको रासन खरिद बन्दोबस्त गर्नुपर्दछ । अतः लागत अनुमान स्वीकृत गरेर सार्वजनिक खरिद प्रक्रिया अनुसार मित्तव्ययी र गुणस्तरीय राशन उपलब्धताको व्यवस्था नगरी सोझै र पटके खरिद मार्फत आपासीय विद्यार्थीको खाना खाजा व्यवस्था लागायतमा उपलब्ध गराएको छ ।

सैद्धान्तिक बेरुजु

५१ **इन्धन खर्चः**

गण्डकी प्रदेशका गाउँसभा नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७६ को अनुसूचि १(क) बमोजिम गाउँपालिका पदाधिकारी तथा सदस्यले पाउने इन्धन सुविधामा पालिका अध्यक्ष र उपाध्यक्षले मासिक ९० लिटर सम्म र वडा अध्यक्ष ले मासिक १५ लिटर इन्धन सुविधा पाउने व्यवस्था गरेको छ । पालिकामा १ एम्बुलेस २ जिप र १ पिकअप रहेकोमा यस वर्ष इन्धनमा रु ६,००,७७४।४५ खर्च गरेको छ। यो कुल आन्तरिक आयको ७।६४ प्रतिशत रहेको छ । पाम्स विवरण अनुसार २२६० लिटरको रु ३२६८९५ बराबर डिजल जिन्सी दाखिला गरि खर्च लेखेको छ। सवारी साधन अनुसार खर्च इन्धन खपत विवरण पाम्समा नराखेकोले गर्दा कुन सबारी साधन कति समय प्रयोग भयो र सो बापत कति ईन्धन (डिजल) खपत भएको हो सो को एकिन गर्न सकिएन । इन्धन खर्चलाई व्यवस्थित गरि नियन्त्रित र मितव्यायि बनाउने कुरामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५२ **जिन्सी निरीक्षण प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । यस कार्यालयले गत वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार पारेको छ । तर यस कार्यालयले गत वर्ष जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख गरेबमोजिमको मर्मत र लिलामी लगाएतका कार्य गरेको देखिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ **जिन्सी दाखिलाः**

सर्वजनिक खरिद नियमावली २०६४ को नियम (९६) को उपनियम (३) बमोजिम मालसमानको मर्मत सम्भार तथा सर्भिसिङ्ग गराउँदा प्रति इकाइ मुल्य पाँच हजार भन्दा बढी मुल्य पर्ने उपकरण वा पाटपुर्जा फेरबदल गरेको भएमा मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता म.ले.प. फारम नं ४१५ को ढाँचामा अभिलेख राख्नुपर्छ । साथै प्रतिस्थापन गरिएका उपकरण वा पाटपूर्जा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराइ सार्वजनिक निकायको पुराना सामान जिन्सी खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले विभिन्न समयमा गरेको गाडी मर्मतमा फेरवदल गरीएका देहायका समान जिन्सी दाखिला गरेको जिन्सी प्रतिवेदनमा उल्लेख छैन । फेरबदल गरिएका समान जिन्सी दाखिला गरी नियमको पालना गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ साथै उल्लेखित सामान जिन्सी दाखिला गर्नुपर्नु पर्दछ ।

क्र.सं	आवेदनकर्ताको नाम:	गाडी नम्बर	फेरिएको सामानको नाम	रकम रु
१	मिन रासी गुरुङ	मोटर साइकल AAA4921 TVS RTR	Center Manual assy	6,400।00
			chain and Spoket kit set	६,२००।००
			Tyre 130-70/17	६,२००।००
२	राजेश दर्लामी	एक्साभेटर HAA0026	हाइडोलिक पाइप	९,०००।००
			जम्मा	२७,८००।००

सैद्धान्तिक बेरुजु

५४ **विज्ञापन शुल्क**

सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापन वापतको रकम संचार माध्यमलाई भूक्तानि गर्दा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा (२) ख र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम (६) क को उपदफा ३ र ४ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको खातामा पठाउनु पर्ने व्यवस्था छ।कार्यालयले देहायका सूचना प्रसारण र प्रकाशन वापत रकम कट्टा नगरी भूक्तानि दिएको देखिएकोले असुल गर्नुपर्दछ।

गो.भौ.नं.	मिति	सूचनाको विवरण	संचार माध्यम	रकम(रु.)	कर कट्टी(३%)
१३६	२०८१-०९-०९	सूचना प्रकाशन	इकोनिमि मिडिया.	१,२५,७५१	३७७३
१६७	२०८१-११-०५	सूचना प्रकाशन	इकोनिमि मिडिया.	१,३१,७८०	३९५४
२४२	२०८-०१-१५	सूचना प्रकाशन	आदर्श समाज बहुमुखि प्रकाशन प्रालि	५२२९३	१५६८
२५५	२०८२-०१-२३	सूचना प्रकाशन	इकोनिमि मिडिया.	२,४८,८५३	७७६६
३०२	२०८२-०३-०१	सूचना प्रकाशन	अन्नपुर्ण एडभर्टाजिङ्ग एण्ड प्रिन्टिङ्ग प्रा.लि.	३७,९६८	११४०
जम्मा					१८,२०१

असुल गर्नुपर्ने	१८,२०१

५५ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकम खर्च लेख्दा चेकजाँच गरी रित पुगे नपुगेको एकिन गरेर मात्र खर्च लेख्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले छोर्तेन देखि ताम्रङ सम्म जोड्ने गोरेटोबाटो निर्माण योजनाको उपभोक्ता समिति रु.२००००० बजेट विनियोजन भएकोमा भौचर नं.९ बाट रकम रु. १९२००० भुक्तानि दिनुपर्नेमा रु. २००००० भुक्तानि भएको हुदाँ उक्त उपभोक्ता समितिबाट रु. ८००० बढी भुक्तानि रकम असुल गरी बैंक दाखिलाको प्रमाण पेश गर्नुपर्ने।

प्रमाण पेश नगरेको	८,०००

५६ **प्रमाण पेश गर्नुपर्ने**

मलेप फाराम नम्बर ४०२ बमोजिम कुनै पनि खरिद कार्य गर्दा कार्यालय प्रमुख बाट खरिद आदेश स्वीकृत गर्नुपर्दछ र मलेप फारम नम्बर ४०३ बमोजिम दाखिला प्रतिवेदन राख्नुपर्ने व्यवस्था छ। पालिकाले गोश्वरा भौचर नम्बर ४१, मिति २०८१-०६-१४ गणेश कठायतले खरिद आदेश स्वीकृत नगराई रु. ९,४२५ बराबरको खर्च लेखेकोले खरिद आदेशको प्रमाण पेश गर्नुपर्ने।अन्यथा असुल गर्नुपर्ने।

प्रमाण पेश नगरेको	९,४२५

५७ **सामाजिक सुरक्षाः**

५७.१ **निष्कृय खाता तथा लगत कट्टाः-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५७.२ **पारदर्शिताः-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम स्थानीय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको अभिलेख फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसूची ३ बमोजिम लक्षित वर्ग अनुसार छुट्टाछुटै विद्युतीय रुपमा अद्यावधिक गरी वडा कार्यालयमा राख्नुपर्ने र वडागत अध्यावधिक सम्बन्धि स्थानीय तहले एकीकृत रुपमा राख्नुपर्ने व्यवस्था छ । सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी गरेको तथा बुझि लिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यलयमा समेत सार्वजनिक गर्ने व्यवस्था छ । स्थानीय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन ।

सैद्धान्तिक बेरुजु

५७.३ **लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १०(२) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाई सरेका तथा अन्य कुनै पनि कारणले भत्ता नपाउने लाभग्राहीको लगत कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो घटनाको सम्बन्धमा आवश्यक पहलकदमि नगरेको हुदा त्यस्ता व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन । साथै भत्ता पाउने लाभग्राहीले सोही आर्थिक वर्षभित्र रकम बुझिसक्नु पर्ने व्यवस्था रहेको छ । पालिकाबाट सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको रकम बुझे नबुझेको एकिन गरि बाँकी रकम सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

अनुगमन लेखापरीक्षण

५८ अनुगमन तथा संपरीक्षण

(क) सम्परीक्षण :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०८२ सम्मको बाँकी बेरुजु मध्ये यस आर्थिक बर्षमा रु १९४३०५१६.८ फर्स्यौट गरी सम्परीक्षणका लागि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षण भएको छ।

(ख) अध्यावधिक बेरुजुको अवस्थाः यस **नासौँ गाउँपालिका, मनाङ** को २०८२ सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सि.नं	गत वर्षसम्मको बाँकी बेरुजु (A)	यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B)	यो वर्ष कायम बेरुजु(C)	सम्परीक्षणबाट कायम बेरुजु(D)	अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D)
१	४२९६२९७५	१९४३०५१६.८	९७१५७५०.१८	०	३३२४८२०८.३८

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : नासौँ गाउँपालिका, मनाङ , मनाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४५४,७४७.६	४,०६०,२६७	७८३,५४७	०	०	४,४१७,१८८.५८
				जम्मा बेरुजु रकम	९,७१५,७५०.१८
				लेखापरीक्षणको क्रममा असुली रु	४४२,८२८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		९३९७४८७६.८७	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	१७७९६७३४१	**चालु खर्च**	१५१५६३२४९
प्रदेश सरकारबाट अनुदान	९९४२०००.०	**पूँजीगत खर्च**	६६६४५५०२.९७
राजश्व बाँडफाँट	४९१२८७७४.५५	**वित्तीय/अन्य व्यवस्था**	३५४६०५६४.५३
आन्तरिक आय	७८५४१७६.५४		
अन्य आय	१९२२६४४४.८४		
कुल आय	२६४११८७३६.९३	**कुल खर्च**	२५३६६९३१६.५०
बाँकी मौज्दात		१०४४२४२९७.३	

अनुसूची - २

सि.नं	लेखापरीक्षण	लेखापरीक्षण गरएका विषय
1	DPR खर्च	खर्च परीक्षण
2	खरिद व्यवस्थापन	खरिद व्यवस्थापन
3	अमानत, उपभोक्ता समिति र गैरसरकारी संस्थाबाट कार्य गराउने।	उपभोक्ता समिति मार्फत कार्य
4	ठेक्का तथा प्रस्ताव व्यवस्थापन	ठेक्का व्यवस्थापन
5	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ
6	सामाजिक सुरक्षा	सामाजिक सुरक्षातर्फ
7	शिक्षा तर्फ	शिक्षातर्फ
8	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फ
9	पदाधिकारी सुविधा	खर्च परीक्षण
10	विविध खर्च	खर्च परीक्षण
11	तलब भत्ता तथा पारिश्रमिक खर्च (तलव, अन्य सुविधा, नियमित परामर्श र करार सेवा)	खर्च परीक्षण
12	संगठनात्मक व्यवस्था (दरबन्दी र पदपूर्ति)	सङ्गठनात्मक तथा व्यवस्थापकीय पक्ष
13	कण्टिन्जेन्सी खर्च	अन्य विषयहरू
14	सहकारी संस्थाको सञ्चालन र नियमन	अन्य विषयहरू
15	सेवा प्रवाह	सेवा प्रवाह
16	तालिम र कार्यक्रम खर्च	खर्च परीक्षण
17	कृषि तथा पशुतर्फ	अन्य विषयहरू
18	वार्षिक मर्मत सम्भार खर्च (AMC)	अन्य विषयहरू
19	सफ्टवेयर खरिद र सञ्चालन खर्च	अन्य विषयहरू

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

आ.व. : २०८२/८३ अवधी : २०८२/०४/०१ - २०८२/०६/३१								
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		५८,७६,१२२.७६	०	५८,७६,१२२.७६	५,४४,४०,७०३.०९	०	५,४४,४०,७०३.०९
१३०००	अनुदान		४,६५,९४,७५०.००	०	४,६५,९४,७५०.००	१६,७६,५१,४४७.४५	०	१६,७६,५१,४४७.४५
१४०००	अन्य राजस्व		०	०	०	४६,४९,५४५.००	०	४६,४९,५४५.००
१५०००	विविध प्राप्ति		०	०	०	५७,०००.००	०	५७,०००.००
क	कुल जम्मा प्राप्ति		५,२४,७०,८७२.७६		५,२४,७०,८७२.७६	२२,६७,९८,६९५.५४		२२,६७,९८,६९५.५४
३	चालु		३,३१,८१,१२३.२२	०	३,३१,८१,१२३.२२	१५,१५,६३,२४८.९५	०	१५,१५,६३,२४८.९५
२१०००	पारिश्रमिक / सुविधा		२,७९,०२,२४३.६६	०	२,७९,०२,२४३.६६	१०,२५,१२,७६९.१८	०	१०,२५,१२,७६९.१८
२२०००	मालसामान तथा सेवाको उपयोग		४७,६७,१२९.५६	०	४७,६७,१२९.५६	४,५०,४६,७८९.७७	०	४,५०,४६,७८९.७७
२५०००	सहायता (Subsidy)		३,००,०००.००	०	३,००,०००.००	२६,४१,५१५.००	०	२६,४१,५१५.००
२७०००	सामाजिक सुरक्षा		०	०	०	५,२९,६००.००	०	५,२९,६००.००
२८०००	अन्य खर्च		२,११,७५०.००	०	२,११,७५०.००	८,३२,५७५.००	०	८,३२,५७५.००
४	पूंजीगत		२३,७८,१८५.४२	०	२३,७८,१८५.४२	६,६६,४५,५०२.९७	०	६,६६,४५,५०२.९७
३१११०	भवन तथा संरचना		०	०	०	२४,५३,७७६.००	०	२४,५३,७७६.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		०	०	०	५९,९०,०००.००	०	५९,९०,०००.००

३११५०	सार्वजनिक निर्माण		२३,७८,१८५.४२	०	२३,७८,१८५.४२	५,८२,०१,७२६.९७	०	५,८२,०१,७२६.९७
ख)	कुल जम्मा भुक्तानी		३,५५,५९,३०८.६४		३,५५,५९,३०८.६४	२१,८२,०८,७५१.९२		२१,८२,०८,७५१.९२
ग)	बचत /कमी (ग = क-ख)		१,६९,११,५६४.१२		१,६९,११,५६४.१२	८५,८९,९४३.६२		८५,८९,९४३.६२
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)		(१६,७७,८९५.१२)		(१६,७७,८९५.१२)	१,८३,२९,०६८.२६		१,८३,२९,०६८.२६
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		(८,२८,१७५.८१)		(८,२८,१७५.८१)	-५,५५०.००		-५,५५०.००
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		१,५२,३३,६६९.००		१,५२,३३,६६९.००	२,६९,१९,०११.८८		२,६९,१९,०११.८८
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		८,५९,४१,५०६.१३		८,५९,४१,५०६.१३	७,७३,७०,२८५.९१		७,७३,७०,२८५.९१
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		१०,११,७५,१७५.१३		१०,११,७५,१७५.१३	१०,४२,८९,२९७.७९		१०,४२,८९,२९७.७९